# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti



वर्षः ४२, अङ्कः १२

बु.सं. २५६८, फागु पुन्हिः

# फागुन १६ गते, धर्मकीर्ति विहारमा दिनभर अभिधर्म पाठका केही झलकहरू



धम्मसङ्गणि पाठ गर्नुहुँदै श्रद्धेय सयादो पञ्ञाश्री भन्ते सहित ९ जना भिक्षुसङ्घ



विभङ्ग पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू कुशुभ र प्रीतिवती



धातुकथा पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू सुनन्दावती र करुणावती



पुग्गलपञ्ञति पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू शुभवती र अमता



कथावत्थु पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू पञ्ञावती र मेत्तावती



यमक पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू खेमावती, श्रद्धावती र इन्दावती



पट्ठान पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू जवनवती, त्यागवती, वीर्यवती र क्षान्तिवती





↑पुण्यानुमोदन गर्नुहुँदै दाता उपासिका मायादेवी चित्रकार लगायत सपरिवार | ↑अभिधर्म पाठ श्रवण गर्नुहुँदै श्रद्धालु उपासक उपासिकाहरू

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ५३५९४६६

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोन: ९८४१५३४१०९**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**
**फोन: ९८४१३२९००५**

*व्यवस्थापकहरु*
**ध्रुवरत्न स्थापित**
फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**
फोन: ९८४१४३४५७२

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ५३५९४६६
email: gurumawiryawati@gmail.com
subhawati26@gmail.com

बुद्ध सम्बत् २५६८
नेपाल सम्बत् ११४५
इस्वी सम्बत् २०२५
बिक्रम सम्बत् २०८१

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
## A Buddhist Monthly
**14th MARCH 2025**

| वर्ष- ४२ | अङ्क- १२ | होलि पुन्हि | फागुन २०८१ |
|---|---|---|---|





**अनूपवादो अनूपघातो - पातिमोक्खे च संवरो**
**मत्तञ्ञुता'च भत्तस्मिं - पन्थञ्च सयना'सनं।**
**अधिचित्ते च आयोगो - एतं बुद्धान' सासनं**

**सुयातं नं निन्दा मयाय्‌गु, सुयात नं घात मयाय्‌गु, भिक्षु नियम पालन याय्‌गु, भोजनया मात्रा ज्ञान सीकेगु, एकान्तय्‌ बास याय्‌गु, ध्यानय्‌ मन लगे याय्‌गु। थ्वहे बुद्धपिनिगु उपदेश खः।**

**कसैको निन्दा वा हिंसा नगर्नु, कसैलाई पीडा नदिनु।**
**प्रातिमोक्षका शील नियम पालन गर्नु।**
**आहारमा मात्राको ज्ञान राख्नु।**
**एकान्त बास गर्नु र आफ्नो चित्त शुद्धिको लागि योग अभ्यास गर्नु।**
**यही बुद्धहरूको शिक्षा हो।**

Not despising, not harming, restraint according to the code of monastic discipline, moderation in food, dwelling in solitude, devotion to meditation. This is the teaching of the Buddhas.

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | सम्पादकीय- असल राज्यको लागि राज्य शासकहरूले पालन गर्नुपर्ने ७ वटा कर्त्तव्यहरू | – | ३ |
| ३) | राहुलमाता - यशोधरा | – सत्यनारायण गोयन्का | ४ |
| ४) | ब्राह्मण वर्ग | – सत्यमोहन जोशी | ७ |
| ५) | मृत्यु नै सत्य | – विद्याकुमारी बज्राचार्य | ८ |
| ६) | पट्ठान एक चिनारी–३ | – अग्गञाणी गुरुमां | ९ |
| ७) | बुद्धवचनः पालिभाषा | – कुसलञाणी गुरुमां | ११ |
| ८) | धर्मकीर्ति समाचार | – | १४ |




## अगाडि कभरको तस्विर परिचय

म्यानमारका श्रद्धेय PA-AUK उ आचिन्न सयादो (मेचमा बसिरहनु भएका) लुम्बिनी स्थित माया देबी मन्दिर परिसरमा। उहाँका शिष्यहरू (पछाडि उभिरहनु भएका) र शिष्याहरू (अगाडि बसिरहनु भएका)।

साथै श्रद्धेय धम्मवती गुरूमांको गौतमी भिक्षुणी विहारका आवासिय शिष्याहरू (दायाँतर्फ अगाडि बसिरहनु भएका)।

*"कुलो खन्नेले आफूलाई चाहिएको ठाउँमा पानी लैजान्छ, बाणकारकले आफूलाई चाहिए बमोजिम बाण बनाउँछ, सिकर्मीले आफूलाई चाहिए बमोजिम काठ तयार गर्छ र त्यस्तै धर्मनिरत व्यक्तिले आफूलाई दमन गर्दछ।" - धम्मपद*

*"जुन शरीर अस्थिर छ, घाउ-दर्दले पूर्ण छ, नानाविधि संकल्पले भरिपूर्ण, छापासमान सिंगारिएको यो विचित्र शरीर हेर!" - धम्मपद*

## ▪ सम्पादकीय ▪

# असल राज्यको लागि राज्य शासकहरूले पालन गर्नुपर्ने ७ वटा कर्त्तव्यहरू

बुद्धकालिन समयमा भगवान् बुद्ध वैशाली गणराज्यस्थित सारंदद चैत्य परिसरमा रहनुहुँदा थुप्रै लिच्छवीहरू उहाँको दर्शनार्थ आएका थिए । त्यस समयमा उहाँले वैशाली गणराज्यको सुरक्षाको लागि लिच्छवीहरूलाई वज्जी गणराज्यको सफलताको लागि पालन गर्नुपर्ने ७ वटा कर्त्तव्यहरूको विषयमा बताउनु भएको शिक्षा आजसम्म पनि अति स्मरणिय, मनन र पालन गर्न अत्यावश्यक देखिन्छ । यसलाई अङ्गुत्तर निकाय २.७.२१ को सारन्दद सुत्तमा उल्लेख गरिएको छ । ती यसरी छन् –

१) लिच्छवीहरू ! जबसम्म वज्जी गणराज्यका सांसदहरू सांसद भवनमा समय समयमा एकत्रित रही देश सुरक्षार्थ विचार विमर्श गर्ने कार्यमा जाँगर चलाउने गर्छन्, आफ्नो देशको सुरक्षार्थ सजग र सचेत रहने गर्छन्, तबसम्म उनीहरूको देशमा कुतत्वहरूले चलखेल गर्न सक्ने छैनन् । फलस्वरुप उनीहरूको शासन सफल भइरहने छ ।

२) लिच्छवीहरू ! वज्जी सांसदहरू आफ्नो देशमा आइपर्ने कुनैपनि संकटको घडीमा बजाइने घण्टा बज्ने बित्तिकै खाना खाइरहेकै अवस्था भएपनि वस्त्र अलंकार सजाइरहेको अवस्था भएपनि त्यसलाई त्यागेर तत्काल संसद भवनमा पुग्न सक्नु पर्दछ । त्यहाँ पुगी देशमा आइपरेका संकटलाई एक आपसी छलफल र विचार विमर्शले जुन निर्णय गर्दछ, त्यसलाई एकमत भई समस्या समाधान गर्नुपर्दछ । मतभेदमा मात्र अल्झिरहने बानीले एक आपसमा वेमेल भई दुश्मनहरूसँग सामना गर्ने क्षमतामा ह्रास हुनेछ । जबसम्म सबै देशवासीहरूले रक्षार्थ सहयोग गर्ने कार्यलाई आफ्नो कर्त्तव्य ठान्दछन्, तबसम्म वज्जी गणराज्यको विजय नै हुनेछ ।

३) लिच्छवीहरू ! जबसम्म वज्जीहरूले आफ्नो परम्परागत राज्य विधान र न्याय संहितालाई अतिक्रमण गर्दैनन्, तबसम्म उनीहरू सफल नै हुनेछन् ।

यसको लागि सांसदहरूले आफ्नो क्षेत्रमा रहेका प्रजाहरूलाई नियम विपरित कर उठाएर दुःख दिने कार्य त्याग्नु पर्दछ । राज्यले तोकेको कर असुल गर्दा पक्षपाती व्यवहारहरू त्याग्नु पर्दछ । न्यायपालिकाको पुरानो दण्ड संहितालाई उल्लंघन गर्न हुन्न । अपराधीको दोषलाई न्यायपूर्वक केलाएर मात्र दण्ड दिने कार्य गर्नुपर्दछ ।

जुन देशमा सरकारको तर्फबाट उचित न्याय प्राप्त भइरहन्छ, त्यस देशका जनता सरकार देखि सन्तुष्ट र प्रसन्न रहन सक्छन् । जसले गर्दा उनीहरू देश सुरक्षा कार्यमा सहर्ष भागीदार बन्नेछन् ।

४) लिच्छवीहरू ! जबसम्म वज्जीहरूले आफ्नो देशका अनुभवी वयोवृद्धहरूलाई आदर सत्कार, मान सम्मान र गौरव राख्ने गर्छन्, उनीहरूलाई उपेक्षा नगरी उनीहरूको अनुभव र राय सल्लाहलाई ध्यान दिने गर्छन्, तबसम्म वज्जीहरूको शासन सफल हुनेछ । तर उनीहरूलाई अवहेलना गरियो भने उनीहरूको तर्फबाट प्राप्त भइरहेको महत्वपूर्ण एवं ज्ञानवर्द्धक सल्लाह सुझावहरू गुमाउन पुगी देशलाई हानी पुग्नेछ ।

५) लिच्छवीहरू ! जबसम्म वज्जीहरूले आफ्ना जनताका छोरी बुहारीहरूको उचित संरक्षण दिइरहन्छ, कसैको अपहरण गर्दैनन्, दुर्व्यवहार गर्दैन, तबसम्म उनीहरूको शासन सफल नै हुनेछ ।

६) लिच्छवीहरू ! जबसम्म वज्जीहरूले राज नगर भित्र र बाहिर रहेका चैत्यहरू र देवस्थानहरूलाई मान, सम्मान र संरक्षण गरी राज्यको तर्फबाट दिनुपर्ने आर्थिक अनुदान समय समयमा दिइरहने गर्छ, यस कार्यमा लापरवाही गर्दैन, तबसम्म उनीहरूको राज्य शासन सफल भइरहने छ ।

७) लिच्छवीहरू ! जबसम्म वज्जीहरू सन्त र अरहन्त (पवित्र चित्र सहितका व्यक्तिहरू) लाई आदर गौरव राखी उनीहरूको सुरक्षा एवं सुव्यवस्था कार्यलाई कायम राख्दछ, तबसम्म उनीहरूको शासन व्यवस्था सफल नै हुनेछ ।

दूरदर्शी भगवान् बुद्धले अशल राज्यको लागि दिनुभएको यस ज्ञानलाई पालन गर्नसक्नु नै हरेक राज्य शासकहरूको कर्त्तव्य हुनेछ । बुद्ध शिक्षानुसार आ-आफ्नो कर्त्तव्य नै धर्म हो । त्यसैले कर्त्तव्य पालन गर्नुनै धर्म पालन गर्नु हो । धर्म पालन गर्ने व्यक्तिलाई मात्र धर्मले रक्षा गर्ने प्रकृतिको नियम रहेको छ । त्यसैले भगवान् बुद्धले भन्नुभएको छ– "धम्मो हवे रक्खतीति धम्मचारी"



# राहुलमाता- यशोधरा

## (महाअभिज्ञामा अग्र)

✍ सत्यनारायण गोयन्का

पालि साहित्यमा यशोधराको वर्णन राहुलमाता, बिम्बादेवी, भद्दकच्चाना आदिले सम्बोधन गरेको पाइन्छ । यश धारण गरेकीले 'यशोधरा'– यो जन्मजातको नाम हो । 'बिम्बा' भन्नाले चन्द्रमाको प्रकाश र शीतलता बुझिन्छ, जसले गोरो रङ्ग र शान्त स्वभावलाई दर्साउँछ । उनको सुन्दरता दर्साउन 'बिम्बादेवी' वा 'बिम्बासुन्दरी' भनियो । 'भद्दकच्चाना' प्रवज्या हुँदाको नाम हो, यसै नामबाट उनले महाअभिज्ञामा अग्रको उपाधि प्राप्त गरिन् र अनेकौंको मुक्तिको कार्यमा सहायक बनिन् । यशोधरा सिद्धार्थकुमारको जीवनसङ्गिनी बनिन् र राहुलजस्तो सुपुत्रको आमा, यस अर्थमा उनलाई 'राहुलमाता' भनेर पनि पुकारिन्छ ।

यशोधराको जन्म कोलियराज्यको राजधानी देवदहमा वैशाख पूर्णिमाको दिन भएको थियो; जुन दिन शाक्यवंशीय राजकुमार सिद्धार्थ गौतमको पनि जन्म भएको थियो । यशोधराको पिता कोलिय-राजा सुप्पबुद्ध र आमा अमिता हुन्; आमा शाक्यकुलकी नै थिइन् ।

सुवर्णवर्ण भएकी यशोधरा अत्यन्त सुन्दरी थिइन्, सर्वगुण सम्पन्न थिइन्, आमा-बुबाका अत्यन्त प्यारी थिइन् । पुरानो परम्पराअनुसार उनले शाक्यकुलको युवकसँग विवाह गर्नुपर्दथ्यो । शाक्यराजा सुद्धोदनका छोरा सिद्धार्थ आकर्षक एवं सुन्दर थिए । उमेरमा पनि दुवै मिल्ने, दुवै जना एकै दिन जन्मिएका थिए । यति हुँदाहुँदै पनि सिद्धार्थको शान्त स्वभावका कारण राजकुमारहरूमा हुनुपर्ने चमकको कमी, क्षत्रियहरूको शौर्य-वीर्यजस्ता गुणको अभावले सुप्पबुद्धलाई चिन्ता थियो । महाराजा सुद्धोदनको उत्तराधिकारी हुन योग्य नभएको, हुन त सिद्धार्थ चक्रवर्ती सम्राट् हुनेछ भन्ने भविष्यवाणी पनि थियो; परन्तु त्यसका लागि उपयुक्त गुणहरू नभएकाले आफ्नी छोरी यशोधराको विवाह गर्न हिच्किचाहट थियो ।

यशोधरा-सिद्धार्थको जोडी यस जन्मको मात्र बन्धन थिएन । तपस्वी सुमेधले भगवान् दीपङ्करसमक्ष आफू पनि भविष्यमा सम्यक सम्बुद्ध हुने शिवसङ्कल्प गर्दा सुमीत्रा नाम गरेकी एकजना ब्राह्मणी त्यहीँ थिइन् । उनी त्यस ब्राह्मण तपस्वी सुमेधलाई हेरेर आकर्षित भइन् ।

तथागत दीपङ्करले त्यस युवकको मनस्थिति हेर्नुभयो । त्यस युवकले यति धेरै पारमिताहरू परिपूर्ण गरेका थिए कि यदि अहिले नै विपश्यना-साधना सिकाइयो भने तत्काल अरहन्त अवस्था प्राप्त गरेर सर्वथा विमुक्त हुने क्षमता थियो । आठौँ ध्यानसम्म अभ्यास गरिसकेका तपस्वी सुमेधले यी सबै बुझिरहेका थिए; परन्तु आफू एकजना मात्र भव-बन्धनबाट मुक्त हुने उनको रुची थिएन । यही उनको सङ्कल्प थियो कि सम्यक सम्बुद्ध भएर अनेकौं व्यक्तिहरूको मुक्तिको सहायक बन्न सकूँ । उनलाई यो कुरा पनि थाहा थियो कि सम्यक सम्बुद्ध बन्नका लागि कति धेरै पारमिताहरू पूर्ण गर्नुपर्छ र यसको लागि अनगिन्ती कष्टमय जीवन जिउनुछ । यस्तो कष्टमय जीवन जिउन तयार थिए । भगवान् दीपङ्कर सुमेधको मनको भाव बुझिरहनुभएको थियो; तब उनको भविष्य हेर्नुभयो । उनको सम्यक सम्बुद्ध हुने सम्भावनालाई देखेर भविष्यवाणी गर्नुभयो कि 'चार असङ्ख्य र एक लाख कल्पपछि आवश्यक पारमिताहरू पूरा गरी सिद्धार्थ गौतम नामको सम्यक सम्बुद्ध हुनेछ ।'

यी सबै घटना ब्राह्मण पुत्री सुमित्राले हेरिरहेकी थिइन् । यस्तो देखेर उनले पनि यही सङ्कल्प गरिन् कि जबसम्म यो युवक अनेक जन्ममा पारमिता पूरा गर्न जन्म लिनेछन् तबसम्म म उनको सहधर्मिणी हुन सकूँ र उनको अन्तिम जीवनमा पनि अर्धाङ्गिनी बन्न सकूँ । भगवान् दीपङ्कर तथागतले उनको भविष्य पनि जाँचेर हेर्नुभयो र भविष्यवाणी गर्नुभयो कि 'यस्तै हुनेछ र सिद्धार्थको अन्तिम जीवनमा यशोधराको नामले अर्धाङ्गिनी हुनेछिन् र विपश्यना-साधनाद्वारा अरहन्त अवस्था प्राप्त गरी भवमुक्त हुनेछिन् ।

यस भविष्यवाणीअनुरूप सुन्दरी यशोधराको विवाह

कुमार सिद्धार्थसँग भयो । सोह्र वर्षका नवयौवना राजकुमार र राजकुमारीले तेह्र वर्षसम्म सुखद दाम्पत्य जीवन बिताए ।

राजकुमार सिद्धार्थको बारेमा गरिएको भविष्यवाणी यशोधरालाई पनि थाहा थियो होला; किनकि दुवै जनाको अनमेल भएको, मनमुटाव भएको घटनाहरू कहीँकतै उल्लेख छैन । दुवै समवयस्क पति-पत्नी थिए । अनन्तीस वर्षको उमेर, दुवैजना समझदार नै थिए । गृहत्याग्ने गम्भिर विषयमा पनि सायद दुवैजनाको सरसल्लाह हुन्थ्यो होला । अनगिनित जन्मदेखि जीवनसङ्गिनीको रूपमा जन्म लिँदै आएकी यशोधराले हरेक जन्ममा आफ्नो पतिको सहयोग गर्दै आएकी थिइन् ।

उनन्तीस वर्षको उमेरमा जब राजकुमार सिद्धार्थले गृहत्याग गर्ने निर्णय लिए । त्यसै रात उनको पुत्र राहुलको जन्म भएको थियो । गृहत्याग गर्ने समयमा आफ्ना नवजात शिशुको मुहार हेर्न कोठामा गएका थिए । ढोकाबाटै पर्दा हटाएर हेरे । यशोधरा र राहुल गहिरो निन्द्रामा सुतिरहेका थिए । यशोधराको हातले राहुलको मुख छेकिएको थियो; त्यसैले आफ्नो पुत्रको अनुहार देख्न पाएन । शायद हात हतायो भने यशोधरा ब्युँझिनेछ र आफ्नो गृहत्यागको मनोकामनामा बाधा हुने सम्झी सुतुक्क हिँडे । यस्तो अवस्थामा, यसरी गृहत्याग गरे तापनि यशोधराले कहिल्यै पनि आफ्नो पतिको विरोध गरिनन् ।

राजकुमार सिद्धार्थले बोधिज्ञान प्राप्त गरेपछि आफ्नो गृहराज्य कपिलवस्तुमा धर्मप्रचारको लागि पुग्नुभयो । बुबा महाराज सुद्धोदनले राजमहलमा भोजनको लागि निमन्त्रणा दिए । भगवान् आफ्ना शिष्यहरू– सारिपुत्र र मोग्गल्लानका साथ आफ्नो निवासमा पुग्नुभयो । यशोधराले जसरी वन्दना गरे पनि स्वीकार गर्ने भगवान्को निर्णय थियो ।

कोही नारीले गृहत्यागी श्रमणको शरीर छुन हुँदैन थियो, खुट्टा पनि स्पर्श गर्न मिल्दैन । उहाँ त साधारण श्रमण पनि होइन, अरहन्त हुनुहुन्छ, सम्यक सम्बुद्ध हुनुहुन्छ । परन्तु महाकारुणिक भगवान्को मनमा असीम मैत्री जाग्यो । यशोधराले भगवान्को सामु बसेर पाउ पक्रेर वन्दना गरिन् ।

तब महाराज सुद्धोदनले देवी यशोधराको गुण वर्णन गर्नुभयो–

- जब हजुरले गृहस्थी त्याग गरेर जानुभयो तब अनेक राजकुमारहरूले यी परित्याग गरेका महिलासँग पुनः वैवाहिक सम्बन्ध जोड्न चाहे; तर उनले आँखा उठाएर पनि हेरिनन् ।
- जब हजुरले श्रमण भेष धारण गरी कपाल खौरिएको थाहापाए तब यिनले पनि कपाल खौरिइन् ।
- जब हजुरले गेरु रङ्गको वस्त्र धारण गरेको थाहापाए तब यिनले पनि राजसी वस्त्र-आभूषण त्याग गरी खस्रो वस्त्र धारण गरिन् ।
- जब हजुरले एक छाकमात्र खान थाल्नुभयो यिनले पनि एक छाकमात्र खान थालिन् ।
- जब हजुरले आरमदायी अग्लो खातमा सुत्ने त्याग गर्नुभयो यिनी पनि होचो खातमा सुत्न थालिन् ।
- जब हजुरले माला, गन्ध, विलेपन धारण गर्ने काम त्याग गर्नुभयो तबदेखि यिनले पनि ती छोएकी पनि छैनन् ।
- जब हजूरले नाच-गान, बजाउने आदि आमोद-प्रमोदलाई त्याग गरेको थाहा पाए तबदेखि यिनले पनि यी सबै त्यागिन् ।

यस्तै हुनै पर्ने थियो– कल्पौँअघि जब तपस्वी सुमेधको बारेमा भगवान् दीपङ्कर सम्यक सम्बुद्धले भविष्यवाणी गर्नुभयो कि यी व्यक्ति पछि सिद्धार्थ गौतम नामको सम्यक सम्बुद्ध बन्नेछ, तब ब्राह्मण पुत्री सुमित्राको बारेमा पनि भविष्यवाणी गर्नुभएको थियो कि जन्म-जन्मान्तरसम्म यिनको धर्मपत्नी बनेर सहयोग गर्नेछिन् । यो त यी दुवैको अन्तिम जन्म थियो, पत्नी बनेकी यशोधराले सम्यक सम्बुद्ध हुने काममा सिद्धार्थ गौतमलाई साथ किन दिँदैन ?

यदि यशोधराको मनस्थिति त्यस्तो नभएको भए पतिले नवजात शिशु जन्मेकै दिन घर त्यागेर जाँदा साधारण महिलाले झैँ रुने-कराउने गर्थी, रातमा भागेका लोग्नेलाई गाली गर्थी । आफ्नो श्रृङ्गारपतार त्यागेर बस्ने थिएन । अत्यन्त सुन्दरी, रूपवती युवती भएको कारण अन्य राजकुमारहरूमध्ये छानेर पुनर्विवाह गर्ने थियो र सांसारिक सुख भोग्ने थियो ।

तर यशोधरा त बोधिसत्वको जन्म-जन्मका धर्मसङ्गिनी थिइन् । यस्तो गर्न कसरी सक्ला ? पतिले कुन महान् उद्देश्य लिएर घर त्यागेको भन्ने बुझेकी थिइन् । विलाप गर्नुको सट्टा उनको सफलताको मङ्गलकामना गर्दै रहिन् ।

राजमार्गमा भगवान् सम्यक सम्बुद्ध आफ्ना भिक्षुसङ्घसहित अघि बढिरहेका थिए, राजमहलको बरन्दामा उभिएर

यशोधराले आफ्नो पुत्र राहुललाई आफ्नो पिता भगवान् बुद्धको परिचय दिइरहेकी थिइन् ।

– हेर ! यो पङ्क्तिमा सबैभन्दा अघि हिँड्ने तिम्रो पिता हुन् ।
– हेर ! यिनको नाक लामो र सुडोल छ ।
– हेर ! यिनको आँखा नीलो रङ्गको छ, बाछिको आँखाको झैँ आकारको छ ।
– हेर ! यिनको आँखीभौँ इन्द्रधनुष आकारको छ ।
– हेर ! यिनको शरीर सुवर्णवर्ण, मुहार आकाशमा चम्केको पूर्णिमाको चन्द्रमा झैँ छ ।
– यिनी देव तथा मनुष्यका प्रिय छन् ।
– जसरी आकाशमा तारापुञ्जबीच चन्द्रमा गतिमय रहन्छ त्यसरी नै आफ्ना श्रमण श्रावकहरूले घेरिएर गतिमान छन् ।
– यिनी मनुष्यमध्यमा वीर हुन्, लोकहितका लागि गृहत्याग गरेका हुन् ।
– यी तिम्रा पिता मनुष्यहरूका सिंहसमान हुन् ।

जसरी यशोधराले प्रसन्नचित्तले आफ्नो पूर्वपतिको परिचय राहुललाई दिए, आफ्नो पतिले गृहत्याग गर्दा उनमा रत्ति पनि रीस थिएन, क्षोभ थिएन । श्रद्धा थियो, गर्व थियो कि लोकहितको लागि गृहत्याग गरेको छ, सफल भएको छ, लोककल्याणमा लागेको छ । आमाको यस्तो गरिमामय परिचयले पुत्र राहुलको मनमा पनि आफूलाई त्यागेर हिँडेका पिताप्रति रत्तिभर पनि द्वेष जागेन, श्रद्धा नै जाग्यो, गर्व नै जाग्यो ।

ममतामयी आमा यशोधराले पिताको परिचय दिएपछि राहुललाई भनिन्– "जाऊ, आफ्नो बुबालाई भेट्नु र आफ्नो अंश माग्नु ! उहाँसँग सुन र रत्नले भरेका चारवटा घैँटाहरू छन् ।"

सुन र रत्नले भरेका चारवटा घैँटा भन्नुको अर्थ 'चार आर्यसत्य' हुन्, जुन सुनभन्दा अधिक मूल्यवान् छन्, अमूल्य छन् ।

सम्यक सम्बुद्धसँग भएको चार आर्यसत्य नै अनमोल रत्न हुन्, जुन उहाँले कमाएको हो, लोककल्याणका लागि यही बाँडिरहेका छन्, तिम्रो पनि यसमा अधिकार छ, अंश छ; जाऊ, माग !

यशोधरा मनैमन सोचिरहेकी होलिन् कि– मेरो यो छोरोले राजमहलको सुखसुविधा भोगेर के प्राप्त गर्ला ? आफ्नो बुबाको कल्याणी शिक्षा पाए भने आफ्नो जीवन सफल बनाउनेछ । यही सोचेर आफ्नो छोरोलाई बिदा गर्दै भनिन् कि "जाऊ, छोरा ! आफ्नो बुबासँग अंश माग्नु ।"

राहुल खुसी हुँदै भगवान्सामु पुगे । त्यहाँ उनले यति धेरै सुख-शान्ति अनुभव गरे कि उनको मुखबाट अनायास निस्कियो कि–

**"सुखा ते, समण, चाया' ति ।"**

**"श्रमण तिम्रो छायाा सुखद छ ।"**

भगवान्को छत्रछायाँ कसलाई सुखद नलाग्ला ? उनको सानिध्यमा साराका सारा पाप-ताप नाश हुन्छ । छोरोले बुबाको सुखद शान्तिप्रद छत्रछायाँ प्राप्त गरेका छन् । बुबाले आफूसँग भएको सम्पत्ति दिए । सारिपुत्तलाई भनेर राहुललाई प्रवज्या दिलाए ।

धर्ममय वातावरणमा हुर्केका राहुल विपश्यनाको अभ्यास गर्दै जाँदा अरहन्त अवस्था प्राप्त गरे, विनम्रतामा अग्रको उपाधि हासिल गरे । धन्य भए राहुल ! धन्य भयो राहुलले प्राप्त गरेको अंश-सम्पत्ति !

जुन सम्पत्ति दिलाउन यशोधराले आफ्नो छोरालाई प्रेरित गरेकी थिइन्, स्वयं प्राप्त गर्ने उनको मनमा पनि धर्म कामना जाग्यो । यस अनमोल रत्न कहिले प्राप्त होला, मनैमन सोच्दै रहिन् । परन्तु अन्य धेरै कारणले गर्दा भिक्षुणी बनाउने प्रक्रिया हुन सकेको थिएन । जब यसको व्यवस्था हुन्छ तब गृहत्याग गरी यस मार्गमा अघि बढेर आफ्नो र अनेकौँको हितमा जीवन समर्पण गर्ने सोचाइमा थिइन् ।

केही समयपछि महाराज सुद्धोदनको परिनिर्वाण भयो । महारानी महाप्रजापतिको मनमा धर्म-संवेग जाग्यो । भगवान्को सम्मुख आठवटा गुरुधर्मलाई स्वीकार गर्दै महाप्रजापति गौतमीले पाँच सय स्त्रीहरूसहित भगवान्सँग प्रवज्या लिए । महाप्रजापति गौतमीको निवेदनअनुसार भगवान्ले भिक्षुणीसङ्घको स्थापना गर्ने अनुमति प्रदान गर्नुभयो । यशोधराले पनि महाप्रजापति गौतमीसमक्ष प्रवज्या प्राप्त गरिन् ।

प्रवज्यापछि यशोधरालाई 'भद्दकच्चाना' नामाकरण गरियो । विपश्यना-भावनाको अभ्यास गर्दै जाँदा अरहन्त अवस्था प्राप्त भयो । यशोधराले भगवान् पदुमुत्तर बुद्धसमक्ष महाअभिज्ञामा अग्रको उपाधि हासिल गर्ने सङ्कल्प गरेकी थिइन् ।

*( क्रमश: पेज २४ मा हेर्नुहोला )*

धम्मपद



# ब्राह्मण वर्ग

*भावानुवाद :* **सत्यमोहन जोशी**

ब्राह्मण ! छिन्न या स्रोत, वान्छ्व काम पराक्रमं
संस्कार क्षय सीका छं, थ्वीकि निर्वाणजा मनं ॥१॥

संयम, भावना धैगु निगू धर्मस ब्राह्मण ।
पारंगत सदा जूसा नष्ट ज्वी फुक्क बन्धन ॥२॥

अपार अथवा पार, पारापार सुया मदु ।
निर्भय व अनाशक्त जूम्ह ब्राह्मण खः बरु ॥३॥

ध्यानी, ज्ञानी व एकान्ती आश्रवहीन कृत्यम्ह ।
उत्तम अथे प्राप्तीम्ह-वहे खः थन ब्राह्मण ॥४॥

पालंपाथें न्हिने चान्हे सूर्य चन्द्र थिना च्वनी ।
कवच बद्ध जूसा व क्षत्रि धैम्ह थिनाच्वनी ॥
ध्यानी सदा जुया चोंसा ब्राह्मण नं थिनाच्वनी ।
थःगु तेजं उखे बुद्ध चान्हंन्हिनं थिना च्वनी ॥५॥

ब्राह्मण, - पाप च्वीकीम्ह, श्रमण, - भिंगु कर्मम्ह ।
प्रव्रजित उया नाम मल वान्छ्वय धुंकुम्ह ॥६॥

दाय् मज्यू ब्रह्मुजूपिन्त, ब्रह्मुजं कोष याय् मज्यू ।
ब्रह्मुजू दाम्ह धिक्कार ! झन धिक् क्रोधीह्म ब्रह्मुजू ॥७॥

ब्राह्मणयात कल्याण प्रिय वस्तुत तोतिगु ।
हिंसाय् विमुख जूलिसे दुःख ज्वी फुक्क शान्तगु ॥८॥

देह मन तथा वाणीं पाप तोती सुनां थन ।
संयमीतु स्वता द्वारं जूम्ह ब्राह्मण धाय् अन ॥९॥

उपदेशकया द्वारं सम्बुद्धं कंगु धर्मथें ।
सीके दःसा सदा पूज्य व्यक्ति व अग्निहोत्रथें ॥१०॥

जटा गीत्र तया जन्म दःसां ज्वीमखु ब्राह्मण ।
सत्य धर्म सदा दःसा ज्वी पवित्रम्ह ब्राह्मण ॥१०॥

जटा तया भुना चर्म दुर्बुद्धिहे ! छुयाय् थन ?
दुने खिति, पिनें स्यूसां पवित्र शुद्ध ज्वी गन ? ॥१२॥

एकान्त जङ्गले च्वना भ्वाथ चीवर धारण ।
याइम्ह, नित गंसीम्ह ध्यानी खः थन ब्राह्मण ॥१३॥

जन्म दु ब्राह्मणी – कोखं अय्सां मखु व ब्राह्मण ।
जूसां व नित सम्पन्न धाय् जिं उयात 'भो' थन ॥

मोह मदुह्म ज्ञानीम्ह, इच्छा काय्गु मदेकुम्ह ।
छुं हे मदुह्म सन्तोषी धाय् जिं उया ब्राह्मण ॥१४॥

फुकं बन्धन त्वा ल्हाना, त्रास मदुह्म शान्तम्ह ।
संग, आसक्ति तोतूह्म धाय् जिं उयात ब्राह्मण ॥१५॥

क्रोध, तृष्णा सदा तोता, मिथ्या दृष्टि फुका अन ।
पलिघ यात वान्छोया बोध जूम्ह व ब्राह्मण ॥१६॥

बध-बन्धन, बोब्यूगु मन मस्यंक धारण ।
याना चोंह्म, क्षमा शक्ति दुम्ह व्यक्ति व ब्राह्मण ॥१७॥

ब्राह्मण खः अक्रोधीम्ह, सदाचारी व संयमी ।
अन्तिम देह धारीम्ह अतृष्णाह्म सदाव्रती ॥१८॥

जलथें पद्म पत्रे बा, तूथें व मुलुया च्वकाय् ।
अलिप्त काम भोगेजा जूम्ह ब्राह्मण वर्ग धाय् ॥१९॥

दुःखया क्षय थोजन्मे बोध याई सुनां थन ।
भ्यातुगु भार 'कू' तोती, वहे खः शुद्ध ब्राह्मण ॥२०॥

जूम्ह गम्भीर प्रज्ञावान् मेधावी अझ कोविद ।
उत्तम अर्थ प्राप्तीम्ह सदा खः थन ब्राह्मण ॥२१॥

प्रव्रजित गृहस्थादिं अलिप्तम्ह सदा जुया ।
इच्छा आशा विना चोंम्ह ब्राह्मण खः धका धया ॥२२॥

चर अचर प्राणीया हिंसा पाखे विरक्तम्ह ।
मस्याइम्ह, मस्याकीम्ह व्यक्तिहे थन ब्राह्मण ॥२३॥

विरोधी, – अविरोधीम्ह ! दण्डधारी, – अदण्डम्ह
असंग्रही सदा जूम्ह धाय् जिं उयात ब्राह्मण ॥२४॥

तूथेंहे मुलुया चोकां, राग द्वेषादिनं मनं ।
कुदकूम्ह महाव्यक्तियात ब्राह्मण धाय् हानं ॥२५॥

अकर्कश जुया चोंम्ह स्पष्ट वक्ता व सत्यम्ह ।
पीडा मब्यूम्ह मेपिन्त धाय् जिं उयात ब्राह्मण ॥२६॥

ताःहा चीहा, चिन्हं, तःन्हं भिं मभिंगु जूसां सुनां ।
लोके छुं हे मया खुं- ज्या उया 'ब्राह्मण' धैगु सां ॥२८॥

थ्व लोके, पर लोकेनं आशा मयाम्ह छुं थन ।
आसक्त अझ संयोग मदुम्ह खः व ब्राह्मण ॥२८॥

मदुम्ह थन आशक्ति संशयादि गनं मने ।
अमृत-पद प्राप्तीम्ह ब्राह्मण ज्वी धका कने ॥२९॥

पाप पूण्यं छुतय् जूम्ह, क्लेश मदुम्ह शुद्धम्ह ।
निर्मलम्ह मनूयात धाय् जिं सतत ब्राह्मण ॥३०॥

चन्द्रमाथें सदा स्वच्छ विमल शुद्ध धारण ।
भव-तृष्णां छुतय् जूम्ह धाय् जिं उयात ब्राह्मण ॥३१॥

दुर्गम भव घः चाथें तक्यनीगु व मोहगु ।
अःख मार्ग सुनां तोता, तीर्ण ज्वी गुम्ह पार ज्वी ॥
ध्यानी ज्वी, स्थिर ज्वी, शंका रहित ज्वी अजन्मगु ।
निर्वाण-पद प्राप्ती काय् धुंका ब्राह्मण नांम ज्वी ॥३२॥

काम भोग सदा तोता, छँ तोता प्रव्रजित जुया ।
काम-भव सुनां स्यंकी 'ब्राम्हण' धैगु नां उया ॥३३॥

तृष्णा तोता, तथा छँ वूँ तोता नं प्रव्रजित जुया ।
तृष्णा-भव सुनां स्यंकी ब्राह्मण धैगु नां उया ॥३४॥

मानुषिक तथा दिव्य भोगादि अफ्न फुक्क व ।
तोती जुया अनाशक्त 'ब्राह्मण' धाय्गु योग्य व ॥३५॥

रति अरति तोतूम्ह शान्तम्ह क्लेश हीनम्ह ।
सारा लोक सदा त्याका वीर जूम्ह व 'ब्राह्मण' ॥३६॥

प्राणीया मृत्यु उत्पत्ति स्यूम्ह बांलाक कारक ।
सुगति प्राप्त सर्वज्ञ अनाशक्तम्ह 'ब्राह्मण' ॥३७॥

सुया गति मस्यू लोके देव गन्धर्व मानवं ।
क्षीण आस्रव अर्हत्म्ह 'ब्राह्मण' योग्य धाय् हानं ॥३८॥

भूत भविष्य आयागु बारे आशक्त हीनम्ह ।
परिग्रह व आदान रहितम्ह व 'ब्राह्मण' ॥३९॥

निर्भीतम्ह सदा श्रेष्ठ महावीर महर्षिम्ह ।
स्नातकम्ह, विजेताम्ह स्थिर बुद्ध व 'ब्राह्मण' ॥४०॥

पूर्व जन्म सदा स्यूम्ह, स्वर्ग नरक दर्शक ।
पुनर्जन्म हानं स्वाम्ह अभिज्ञा दुम्ह पण्डित ॥
समस्त कार्य धुंकुम्ह निर्वाणपद प्राप्तम्ह ।
महामुनि सदा जूम्ह धाय् जिं उयात 'ब्राह्मण' ॥४१॥

■



# मृत्यु नै सत्य



✍ **विद्याकुमारी बज्राचार्य**

मरणशील शरीर बोकी हामी हिंड्छौं ।
कुनै पनि दिन कहाँ मर्ने थाहा छैन ।
आफ्नो आयु कति छ त्यो पनि अज्ञानै छ ।
अरू मृत्यु भएको देखेर आफू पनि मर्नु पर्ने रहेछ ।
एकदिन हामी मृत्युसंग जानुपर्ने सत्य हो ।
त्यो कुन दिन कहिले हुने हामी अज्ञान नै छौं ।
यो मृत्यु मार्गमा अवश्य नै जानु नै पर्ने हो ।
जन्मसँग मृत्यु टाँसिएर आएकै हुने हो ।
के अभिमान के स्फूर्ति गर्ने हो ।
मृत्यु बोलेपछि पख भन्न गाऱ्हो हुने हो ।
मरेपछि कहाँ जान्छ के हुन्छ कसैलाई थाहा छैन ।
उत्पत्ति बिनासको भूँमरीमा जाकिएका हामी हौँ ।

## उदाय समाजया प्यक्वःगु संघदान

*२०८१ फागुन ३ गते, शनिबाः*
*थाय्- आनन्दकुटी विहार, स्वयम्भू*

उदाय समाजया प्यक्वःगु संघदान ज्याभ्वः क्वचाःगु दु । आनन्दकुटी विहार स्वयम्भूस उपासक अरूणसिद्धि तुलाधरजुं न्ह्याकादीगु थुगु ज्याभ्वले श्रद्धेय भिक्षु संघ व श्रद्धेय प्रव्रजित गुरुमां संघ पाखें सामूहिक परित्राण पाठ ज्याभ्वः लिपा ४०० म्ह श्रद्धेय भन्ते गुरुमांपिन्त श्रद्धालु उपासकोपासिकापिसं बस्तु व नगद दान यासे पुण्य सञ्चय यानादीगु खः ।

दानप्रदान ज्याभ्वः लिपा सकलें आमन्त्रित श्रद्धेय भन्ते गुरुमांपिन्त श्रद्धालु दातापिसं भोजन दान यासे पुण्य सञ्चय यानादीगु खः ।



# पट्ठान एक चिनारी–३



✍ अग्गञाणी गुरुमां 'धम्माचरिय'

**१६. इन्द्रियपच्चयो (इन्द्रियप्रत्यय : आधिपत्य जमाएर उपकार गर्ने धर्म)**

आ-आफ्नो क्षेत्रमा अधिकार भएका विभागीय अधिकारी मन्त्रीहरू जस्तै आफूसँग सम्बन्धित धर्ममा आधिपत्य जमाएर उपकार गर्ने स्वभाव इन्द्रियप्रत्यय हो। इन्द्रियप्रत्ययमा इन्द्रिय बीसवटा छन्– १) चक्षु इन्द्रिय २) श्रोत- इन्द्रिय ३) घ्राण- इन्द्रिय ४) जिह्वा - इन्द्रिय ५) काय इन्द्रिय ६) जीवित इन्द्रिय (नाम र रूप जीवित) ७) मन - इन्द्रिय ८) सुख - इन्द्रिय ९) दुःख- इन्द्रिय १०) सौमनस्य - इन्द्रिय ११) दौर्मनस्य - इन्द्रिय १२) उपेक्षा- इन्द्रिय १३) श्रद्धा - इन्द्रिय १४) वीर्य - इन्द्रिय १५) स्मृति - इन्द्रिय १६) समाधि - इन्द्रिय १७) प्रज्ञा - इन्द्रिय १८) अनज्ञातज्ञाष्यामिति - इन्द्रिय १९) अज्ञा- इन्द्रिय २०) अज्ञाताविः- इन्द्रिय।

आँखाभित्रको चक्षुप्रसाद जति बलियो हुन्छ त्यति नै विषयवस्तु देख्न सकिन्छ, जति कमजोर हुन्छ उति देख्ने क्षमता कम हुन्छ। त्यसैले विषयवस्तु देख्नुमा आधिपत्य जमाउने हुनाले चक्षुप्रसादलाई इन्द्रिय भनेको हो। चक्षुइन्द्रियले चक्षुविज्ञान चित्त र त्यस चित्तसँग उत्पन्न हुने चैतसिकहरूलाई इन्द्रियप्रत्ययशक्तिले उपकार गर्दछ। अरू रूप इन्द्रियहरूलाई पनि यसरी नै बुझ्नुपर्छ।

श्रद्धा जति बलियो हुन्छ त्यति नै कुशल पुण्य गर्नमा मन दृढ हुन्छ, जति श्रद्धा सीथिल हुन्छ त्यति नै कुशल पुण्य गर्नमा मन जाँदैन। कुशल पुण्य गर्नमा आधिपत्य जमाउने हुनाले श्रद्धालाई इन्द्रिय भनेको हो। श्रद्धाइन्द्रियले कुशल पुण्य गर्नमा इन्द्रियप्रत्ययशक्तिद्वारा उपकार गर्दछ। अरू नाम इन्द्रियहरूलाई पनि यसरी नै बुझ्नुपर्छ।

**१७. झानपच्चयो (ध्यानप्रत्ययः विषयवस्तुको नजिक रही भाविता गरेर अर्थात् नियालेर उपकार गर्ने धर्म)**

आइग्लासबाट हेर्ने बेला वस्तु नजिकै स्पष्ट देखिएजस्तै विषयवस्तुको नजिक रही भाविता गरी उपकार गर्ने स्वभाव ध्यानप्रत्यय हो। विषयवस्तुलाई सामान्यरूपले मात्र आरम्मण नगरी विषयवस्तुको नजिक रही वितर्क आदि ध्यानअङ्गले नामरूप धर्महरूलाई ध्यानप्रत्ययशक्तिद्वारा उपकार गर्दछ।

**१८. मग्गपच्चयो (मार्गप्रत्यय : मार्ग भएर उपकार गर्ने धर्म)**

बाटो अनुसार हिँड्नेलाई बाटोले गन्तव्यमा पुयाइदिए जस्तै मार्गले सम्बन्धित ठाउँमा पुयाएर उपकार गर्ने स्वभाव मार्गप्रत्यय हो। मार्गमा मार्गाङ्ग १२ वटा छन्–

१) सम्यकदृष्टि (सही धारणा) २) सम्यक्संकल्प (सही चिन्तन) ३) सम्यक्वचन (सही वचन) ४) सम्यक्कर्मान्त (सही काम) ५) सम्यक्आजीविका (सही जीवनयापन) ६) सम्यक्व्यायाम (सही उद्योग) ७) सम्यक्स्मृति (सही स्मरण) ८) सम्यक्समाधि (सही स्थिरता) ९) मिथ्यादृष्टि (गलत धारणा) १०) मिथ्यासंकल्प (गलत चिन्तन) ११) मिथ्याव्यायाम (गलत उद्योग) १२) मिथ्यासमाधि (गलत स्थिरता)।

यी मध्ये सम्यकदृष्टि इत्यादि आठवटा सम्यक् मार्गाङ्ग हुन्। सम्यक् मार्गाङ्गले मार्ग अनुसार आचरण गर्नेको जीवनस्तर उच्चत्व, सुगति र निवार्णमा पुयाईदिनको लागि मार्गप्रत्ययशक्तिद्वारा उपकार गर्दछ। मिथ्यादृष्टि इत्यादि चारवटा मिथ्या मार्गाङ्ग हुन्। यी मिथ्या मार्गाङ्गले सत्त्वको जीवनस्तर निचत्वमा पुऱ्याई अपाय दुर्गतिमा समेत पतन गराउन मार्गप्रत्ययशक्तिद्वारा सहयोग गर्दछ।

**१९. सम्पयुत्तपच्चयो (सम्प्रयुक्तप्रत्यय : मिलेर उपकार गर्ने धर्म)**

हलुवामा चिनी, घिउ, पिठो वा सुजी, पानी राम्रोसँग मिसाउँदा चारवटाको स्वाद मिलेर एकै भए जस्तै विषयवस्तुलाई थाहा पाउने चित्त, छुने स्वभाव स्पर्श, अनुभव गर्ने स्वभाव वेदना, पहिचान गर्ने स्वभाव संज्ञा आदि चैतसिकहरू एकसाथ मिलेर उपकार गर्ने स्वभाव सम्प्रयुक्तप्रत्यय हो। नामधर्महरू परस्पर एकबाट

अर्को छुट्याउन नसक्ने गरी मिलेर सम्प्रयुक्तप्रत्ययशक्तिले उपकार गर्दछ ।

**२०. विप्पयुत्तपच्चयो (विप्रयुक्तप्रत्यय : नमिलिकन उपकार गर्ने धर्म)**

गुलियो, अमिलो, नुनिलो, तितो, पिरो, खल्लो - यी छवटाको स्वाद एक अर्कोसँग नमिलिकन अलग-अलग स्वाद निस्कने जस्तै रूपधर्म र नामधर्म पनि परस्पर घुलमिल नभईकन उपकार गर्ने स्वभाव विप्रयुक्तप्रत्यय हो ।

चक्षुप्रसाद इत्यादि वस्तुरूपले चक्षुविज्ञान धातु इत्यादिलाई उत्पन्न गराउन विप्रयुक्तप्रत्ययशक्तिले उपकार गर्दछ । चित्त चैतसिकहरूले चतुसमुत्थानिकरूप उत्पन्न गराउन विप्रयुक्तप्रत्ययशक्तिद्वारा उपकार गर्दछ ।

**२१. अस्थिपच्चयो (अस्तिप्रत्यय) – भएर उपकार गर्ने धर्म**

पहाड, जमिन रहिरहे मात्र फूलको बोट, बिरुवा रूखलाई उपकार गर्न सकिन्छ, अन्यथा उपकार गर्न सकिँदैन । तसर्थ प्रकट भएको कारणले उपकार गर्ने स्वभाव नै अस्ति प्रत्यय हो ।

चित्त चैतसिक रहिरहे मात्र सम्बन्धित चित्तबाट बनेको रूपलाई उपकार गर्न सकिन्छ । मन हलुका भइरहेको समयमा मात्र शरीर पनि हलुका हुन्छ । मन हलुका नभएमा शरीर पनि हलुका हुँदैन । यसरी चित्त, चैतसिकले चित्तजरूपहरूलाई अस्तिप्रत्ययशक्तिद्वारा उपकार गर्दछ ।

२२. नत्थिपच्चयो (नास्तिप्रत्यय : नभएर उपकार गर्ने धर्म)

बत्ती निभेर अँध्यारो पार्न मद्दत भए जस्तै अघिल्लो चित्त नभएर (विनाश भएर अर्को नयाँ चित्त उत्पन्न हुन उपकार गर्ने स्वभाव नास्ति प्रत्यय हो ।

अघिल्लो चित्त उत्पन्न भएर विनाश नभएमा अर्को नयाँ चित्त उत्पन्न हुन सक्दैन । नयाँ चित्त उत्पन्न हुनलाई अघिल्लो चित्त विनाश हुनुपर्दछ । अघिल्लो चित्त विनाश हुनु भनेको अर्को नयाँ चित्त उत्पन्न गराउनको लागि उपकार गर्नु हो ।

देखेर जानेको चक्षुविज्ञान चित्त विनाश भए मात्र विषयवस्तुलाई ग्रहण गर्ने सम्प्रतिछन भन्ने मनोधातु उत्पन्न हुन्छ । त्यसैले चक्षुविज्ञान चित्तले मनोधातुलाई नास्तिप्रत्ययशक्तिद्वारा उपकार गर्दछ ।

२३. विगतपच्चयों (विगतप्रत्यय अलग्ग भएर उपकार गर्ने धर्म)

सूर्य अस्ताएर चन्द्रमा उदाउनको लागि उपकार गरेजस्तै पहिले उत्पन्न भएको चित्त अलग्ग भएर (विनाश भएर) नयाँ चित्त उत्पन्न हुनलाई उपकार गर्ने स्वभाव विगतप्रत्यय हो ।

सुनेर जानेको स्रोतविज्ञानचित्त विनाश भएर गए मात्र विषयवस्तुलाई ग्रहण गर्ने सम्प्रतिच्छन भन्ने मनोधातु उत्पन्न हुनसक्छ । त्यसैले श्रोतविज्ञानचित्तले मनोधातुलाई विगतप्रत्ययशक्तिद्वारा उपकार गर्दछ ।

२४. अविगतपच्चयों (अविगतप्रत्यय : अलग नभइकन उपकार गर्ने धर्म)

महासमुद्रको आधार पाएर माछाहरू बाँच्दछन् । समुद्रबाट अलग्ग नहोउन्जेलसम्म माछाहरू जीवित रहनेजस्तै अलग नभइकन उपकार गर्ने स्वभाव अविगतप्रत्यय हो ।

श्रोतविज्ञान चित्त उत्पन्न हुनलाई श्रोतप्रसाद त्यस्तै नै शब्दारम्मणबाट अलग्ग हुनु हुँदैन । स्वरलाई ग्रहण गर्ने श्रोतप्रसाद, स्वर भएमा मात्र श्रोतविज्ञान चित्त उत्पन्न हुन्छ, अन्यथा उत्पन्न हुँदैन । यसलाई नै श्रोतायतनले श्रोतविज्ञानचित्तलाई अविगतप्रत्यय शक्तिद्वारा उपकार गरेको भनिन्छ ।

**निष्कर्ष / उपसंहार :**

यसरी यहाँ पट्ठानमा २४ वटा प्रत्ययलाई कारण, कार्यका साथै सम्बन्धित कारणको प्रत्ययशक्तिलाई समेत संक्षिप्तरूपमा देखाउन प्रयास गरिएको छ । पट्ठानको अध्ययन, चिन्तन, मनन र अभ्यास राम्ररी गरेको खण्डमा कारण कार्य जुटेर मात्र नामरूप धर्महरू उत्पत्ति हुने कुरालाई बुझिने हुनाले प्रकटरूपमा उत्पन्न भइरहेको नामरूप धर्मलाई आत्म, सत्त्व, पुद्गल, जीवको रूपमा लिइने आत्मदृष्टि वा सत्कायदृष्टि हट्नेछ । सम्बन्धित कारणले गर्दा सम्बन्धित फल हुने कुरा बुझिने हुँदा सत्त्व तथा लोकलाई ईश्वरले सृष्टि गरेको इत्यादि भन्ने जस्तो नमिल्दो कारणलाई कारणको रूपमा लिइने विषमहेतुकदृष्टि हट्नेछ । शुद्धि अशुद्धिको कारण पुण्य पाप भनी प्रकट हुँदाहुँदै विना कारणले सत्त्वप्राणी शुद्ध अशुद्ध हुन्छ भन्ने अहेतुकदृष्टि हट्नेछ । त्यस्तै कुशल वा अकुशल कर्महरूको फल हुँदैन भन्ने नास्तिकदृष्टि आदि हट्छ । यसरी विभिन्न प्रकारका मिथ्यादृष्टि हटेर सम्यकदृष्टि उत्पन्न हुन्छन् । पट्ठानको ज्ञानबाट आधारभूतरूपमा कारण कार्य राम्ररी थाहा पाइने हुनाले अकुशल कर्मबाट अलग्ग भई कुशल कर्म गर्नमा प्रयत्नशील भइन्छ र जीवन निर्दोष एवं सुखशान्तिपूर्वक बिताउन सकिने हुन्छ । ■

# बुद्धवचनः पालिभाषा



✍ **कुसलञाणी गुरुमां**
*रत्न विपश्यना विहार*

**१. पृष्ठभूमि :**

भाषाया मूल सः खः । थःगु मनय् दुगु खँयात सःपाखें कनीगु छगू माध्यम भाषा खः । वचनयारूपय् खँल्हाबल्हा व विचाःया कालबिल यायेगु सःया पुचः यात भाषा धाइ । संस्कृतय् 'भाष' धातुं भाषा जूगु खः, उकीया अर्थ धायेगु वा कनेगु खः । पालि '**भास**' धातुं भाषाया ब्युत्पत्ति जूगु खः, उकीया अर्थ नं धायेगु वा कनेगु हे खः । सद्दनीति धातुमाला ग्रन्थय् **भासब्यत्तायं वाचायं** अर्थात् स्पष्टं धायेगुयात भाषा धका वर्णन यानातःगु दु । उगु हे ग्रन्थय् **भस्स भस्सने** । अर्थात् – '**भस्स**' धातुं धायेगु, कनेगु व खँ ल्हायेगु आदि अर्थ कथं नं क्यनातःगु दु ।

थौंया इलय् विश्वय् थ्यंमथ्यं खुद्वः व न्यासः (६५००) थीथी भासं खँल्हाबल्हा यानाच्वंगु दु । हिन्दीं छगू धापु नं दु कि '**चार कोश मे पानी बदले, आठ कोश मे वाणी**' अर्थात् – प्यंगू कोशय् लःया (सवाः) हिली, च्यागू कोशय् भाय् (हिली) ईकथं देश, समाज, त्वा, परिवार व मनू-मनू दथुइ भाय् हिलाच्वंगु दु । उकीमध्ये पालि नं छगू भाषा खः । भगवान् बुद्धं थुगु भासं हे जन्म मरणया चक्रं बायावनीगु देशना याना बिज्याःगु खः । उगु भाषा उबलय्या जनभाषा खः । गुकियात खँल्हाबल्हायारुपय् छय्लाबुला यानातःगु खः ।

मूल त्रिपिटकय् पालिभाषायात थीथी नामं क्यनातःगु दु । गथेकि मूल त्रिपिटकया विनय पिटक व समन्तपासादिकाय् **अरियक** व अभिधम्मपिटकया विभङ्ग व सम्मोहविनोदनीय् **धम्मनिरुत्ति** व **सभावनिरुत्ति** धका क्यना तःगु दु । अथे हे समन्तपासादिकाय् (विनय पिटकया अट्ठकथा) **मागधभासा**, पटिसम्भिदामग्गया अट्ठकथाय् **मागधिका भासा** व अथे हे महावंस नं **मूलभासा** धका, धम्मपद अट्ठकथाय् **तन्तिभासा** व वजिरबुद्धिटीका नापं सारत्थदीपनिटीकाय् **पकतिभासा** धका छ्यलातःगु दु ।

**२. म्हसीका :**

पालियात मागधि अथवा मागधि निरुत्ति अर्थात् मागधिभाषा धकाः नं धाइ । विनयपिटक अट्ठकथा, चूलवग्ग, खुद्दकवत्थुक्खन्धकय् "**सकाय निरुत्तियाति एत्थ सका निरुत्ति नाम सम्मासम्बुद्धेन वुत्तप्पकारो मागधिको वोहारो**" अर्थात् – सकाय निरुत्ति धकाः थन थःगु भाषा धकाः सम्यक्सम्बुद्धं न्ववानाबिज्याःगु मागधिक भाषा खः । पदरुपसिद्धि व्याकरणय् "**सा मागधी मूलभासा, नरा यायादिकप्पिका । ब्रह्मानो च'स्सुतालापा, सम्बुद्धा चापि भासरे** । अर्थात्– उगु मागधी मूलभाषा, मनूनिसें गन तक न्हापायागु कल्पया ब्रह्मा, असुर व सम्बुद्धपिंसं नं न्ववाना बिज्याइगु भाषा ख : । थुगु गाथाय् भाषाया प्राचीनतायात न्ह्यब्वयातःगु खः ।

बुद्धया पालय् वेदया भाषा छन्दस् खः । चूलवग्गपालिय् भगवान् बुद्धं यमेलु व तेकुल निम्ह दाजु किजा ब्राह्मण भिक्षुपिंत सम्बोधन यानाः भिक्षुपिं, बुद्धवचनयात गुम्हेसिनं छन्दस्य् उल्था याइ, वयात दुष्कृत्य आपत्ति लाइ । भिक्षुपिं, अनुमति बियाच्वना, थःगु भासं बुद्धवचनयात अध्ययन यायेत धका विनय प्रज्ञप्त याना बिज्यात । ("**न, भिक्खवे, बुद्धवचनं छन्दसो आरोपेतब्बं । यो आरोपेय्य, आपत्ति दुक्कटस्स । अनुजानामि, भिक्खवे, सकाय निरुत्तिया बुद्धवचनं परियापुणितुं ।**") थुगु अभिव्यक्तिं बुद्धवचनयात थःथःगु भाषां सयेकेगु सीकेगु स्वतन्त्रयात बियातःगु यचुक सीदु । पालिभाषाया थःगु च्वय्गु लिपि मदुगुलिं थःथःगु लिपिं हे पालिभाषायात अपुक सयेकेफु ।

पालि शब्दया ब्युत्पत्ति '**पा**' धातु वःगु खः । '**पा रक्खणे** ।' '**पा**' धातुया अर्थ रक्षा यायेगु खः । छुकियात रक्षा यायेगु धाःसा मागधि भाषाय् सुरक्षित बुद्ध वचनयात रक्षा यायेत धकाः धायेफु । महान अट्ठकथाचार्य बुद्धघोषं विसुद्धिमग्ग ग्रन्थय् **नेव पालियं न अट्ठकथायं आगतं** अर्थात्– न पालि न अट्ठकथाय् वगु खः । थन **पालि** धका बुद्धवचन

गुगु मूल त्रिपिटकयात क्यना तःगु खः । वङ्गीस संयुक्तय् भगवान् बुद्धं भयरहित निर्वाणय् थ्यंकेत, दुःख अन्त्य यायेत गुगु भासं धर्मदेशना याना बिज्यात, उगु भाषा निश्चय नं भाषात मध्ये उत्तमगु खः ।

(**यं बुद्धो भासते वाचं, खेमं निब्बानपत्तिया ।**
**दुक्खस्सन्तकिरियाय, सा वे वाचानमुत्तमा ॥**)

धका प्रशंसा यानातःगु खः ।

**३. पालि खँग्वःया उत्पत्ति :**

भगवान् बुद्धं उपदेश कना बिज्याये धुंका भिक्षुपिंसं भन्ते ! अद्भुत, आश्चर्य, थ्व छु नाँ दुगु धर्म पर्याय खः ? (**अच्छरियं, भन्ते, अब्भुतं, भन्ते, को नामो अयं, भन्ते, धम्मपरियायो'ति ?**) धकाः न्यनाबिज्याइ । अले भगवान् बुद्धं थ्व धर्मपर्याय खः धका धारणा या धका धया बिज्याइ । थुकिया दसुया रूपय् दीघनिकायया ब्रह्मजालसूत्रया अन्त्यय् आनन्द भन्तें भगवान् बुद्धयात थ्व धर्मपर्यायया नाम छु खः धका न्यंगु इलय् थुकियात अर्थजाल, धर्मजाल, ब्रह्मजाल, दृष्टिजाल वा अनुत्तर संग्रामविजय धका धारण या धका धया बिज्यात । (**इमं धम्मपरियायं अत्थजालन्तिपि नं धारेहि, धम्मजालन्तिपि नं धारेहि, ब्रह्मजालन्तिपि नं धारेहि, दिट्ठिजालन्तिपि नं धारेहि, अनुत्तरो सङ्गामविजयोतिपि नं धारेही'ति ।** )

अथे हे मज्झिमनिकायया महासीहनाद सूत्रया देशना लिपा आयुष्मान् नागसमालं भगवान् बुद्धयाके धर्म पर्यायया बारे प्रश्न न्यनीगु इलय् थ्व **लोमहंसनपरियायो** धकाः धारण या धका धया बिज्यात । भगवान् बुद्धं अनेक पर्यायं धर्म प्रकाशित याना बिज्यात धका (**भगवता अनेक परियायेन धम्मो पकासितो**) नं आपाः सूत्रय् उल्लेख जुयाच्वंगु दु । थुगु **परियाय** शब्द हे लिपा चिहाकः जुया पालि जूवंगु खः । थुकिया अर्थ बुद्धवचन खः । पालिमहाव्याकरणय् भिक्षु जगदिश काश्यपं पालिया अर्थ बुद्धवचन जुगुलिं थ्व खँग्वः मूल त्रिपिटक ग्रन्थया लागि जक छ्यलातल, अर्थकथाया नितिं मखु धकाः क्यना तल ।

सम्राट अशोकं भाब्रु शिलालेखय् भगवान् बुद्धया उपदेश **धम्मपरियाय** यात **पलियाय** धका छ्यलातःगु दु । (**इमानि भन्ते ! धम्म-पलियायानि-विनयसमुकसो, अरियवंसा, अनागतभयानि, मुनिगाथा, मोनेय्यसुत्तं, उपतिस्स-पसिनो** (**पञ्हो**), **ए च राहुलोवादे मुसावादं अधिकिच्च ।** ) परियाय खँग्वः कथहं **पलियाय-पालियाय-पालि** जुयावन । गुलिं गुलिं बौद्ध विद्वानतयुसं **पाठ-पाल-पालि-पालि** अथवा **पन्ति-पत्ति-पट्टि-पल्लि-पालि**पाखें पालि भाषाया व्युत्पत्ति जूगु धया तःगु दु । मोग्गल्लानसुत्तपाठय् पालि शब्दयात पालय् याइगु, रक्षा याइगु जुया पालि खः, पंक्ति व कुटिया रुपय् क्यनातःगु दु । थुगु पालि खँग्वया उत्पत्तिया बारे यक्व मतभेद दःसां पालिभाषा उगु ईया जनभाषा धका बांलाक सीका कायेफु ।

**४. निष्कर्ष :**

बौद्ध विद्वान् भरत सिंह उपाध्यायया धापु कथं भिंगुंगूगु शताब्दीइ वयाः स्पष्ट रुपं हे मागधिभाषायात **पालिभाषा**धका छ्यलाबुला यानाहःगु खः । भगवान् बुद्धया वचनयात सुरक्षित यानातःगु व पालन यानातःगु भाषा जुया पालिभाषा धकाः धाःगु खः । थौंकन्हय् मागधि धकाः धायेगु चलन तनाः मूल त्रिपिटक व अर्थकथा आदि फुक्कं ग्रन्थया भाषायात पालिभाषा धाःगु खः । पालिसाहित्यया दुने बुद्धवचन पालि त्रिपिटक, अनुपिटक, अर्थकथा, वंशसाहित्य, काव्य, आख्यान, व्याकरण, छन्द व शब्दकोश दुथ्याः । उगु साहित्य फुक्क हे पालि भाषां च्वयातःगु खः ।

पालिभाषा, भाषा जक मखु से बुद्धवचन वा बुद्ध शिक्षा खः धका मनन यायेगु आवश्यक जु । थुगु भाषाया ज्ञानं भगवान् बुद्धं कनाबिज्यानातःगु वचनयात थःम्हं प्रत्यक्ष रूपं अनुभूति यायेगु अवसर बियाच्वंगु दु । उकिं भिक्षु संवर तसकं बांलाक गाथा चिना तयाबिज्यात–

**कोमलरम्मायं पालिभासा, भगवा धम्मं देसितवाचा ।**
**पीतिमुदारं देन्ति जनानं, पस्सथ एतं सुन्दरभासा ॥**

अर्थात्- थुगु पालिभाषा क्यातु व न्ह्यइपु । भगवान् बुद्धं देशना याना बिज्यानातःगु वचन खः । थ्व भाषां जनसमूहयात महान्प्रीति उत्पन्न यानाबी । उकि बांलाःगु भाषायात सयेकेनु, सीकेनु । पालिभाषा बौद्ध देशय् जक मखुसे गैर बौद्ध देशय् नं बुद्ध शिक्षा व विपश्यना सयेकेत विश्वव्यापी रुपं स्येनेकने जुयाच्वंगु बांलाःगु पक्ष खः । थुकिं याना बुद्धया ज्ञान प्रचारप्रसार यायेत महत्वपूर्ण भूमिका म्हिताच्वंगु दु । नेपालय् नं पालिभाषाया विकासया लागि ज्या जुया च्वंगु च्वछायेबहः जू ।

चिरं तिट्ठतु बुद्धसासनं ।

*(थुगु लेख नेपालभाषा टाइम्सय् बुद्धजयन्ती बलय् छापे जुइ धुंकु खः ।)*

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



जन्म :
बि.सं. २०१५
असार १५ गते

दिवंगत :
बि.सं. २०८१
फागुन १ गते

# दिवंगत उपासिका अनिर स्थापित

धर्मकीर्ति विहार पूर्णहेरा भोजन पुचःया दुजः उपासिका अनिर स्थापित ६६ दँया वैशय् दिवंगत जुयादिल । वय्कलं थःगु जीवन् भिंज्या यानाः मुंकादीगु पुण्य शक्तिं वय्कःया परलोक जीवन सुगतिमय जुयाः निर्वाण हेतु नं चूलायमा धकाः आशिका यासे पुण्यानुमोदन यानागु जुल । वय्कःया छयँजःपिसं नं भगवान् बुद्धं क्यनाथकाबिज्याःगु संसारया त्रिलक्षण स्वभावयात थ्वीकाः बुद्ध शिक्षा कथं थथःगु जीवन न्ह्याकाः भाग्यमानी ज्वीफय्मा धकाः कामना याना ।

॥ भवतु सब्ब मंगलम् ॥

## धर्मकीर्ति पूर्णहेरा भोजन पुचः

**धर्मकीर्ति विहार, श्रीघः नघः यँ**

# धर्मकीर्ति विहारमा दिनभर अभिधर्म पाठ

*२०८१ फागुन १० गते, शनिवार*
*स्थान- धम्महल, धर्मकीर्ति विहार ।*

यसदिन उपासिका विमला देवी तुलाधरको जन्मदिनको उपलक्ष्यमा उहाँको आयु आरोग्य एवं मंगल मैत्री कामना गरी उहाँका परिवारबाट अभिधर्म पाठ कार्यक्रम आयोजना गरियो । उक्त कार्यक्रममा प्रव्रजित गुरुमांहरूबाट दिनभर अभिधर्म पाठ गरियो ।

बुद्ध पूजा गरी शुरु गरिएको उक्त कार्यक्रममा श्रद्धेय धम्मवती गुरुमांबाट पञ्चशील प्रार्थना गराउनु भई पञ्चशील विषयमा धर्मदेशना गर्नु भएको थियो ।

अभिधर्म पाठ पश्चात् श्रद्धेय वीर्यवती गुरुमांबाट अभिधर्म विषयमा धर्मदेशना भएको थियो ।

कार्यक्रमको अन्त्यमा दाता परिवारबाट उहाँहरूका दिवंगत पितृजनहरूको पुण्य स्मृतिमा पुण्यानुमोदन गरियो । कार्यक्रममा आमन्त्रित गुरुमांहरू लगायत दाता परिवारका निमन्त्रित ज्ञातीबन्धुहरूलाई जलपान र भोजन प्रायोजन गरी पुण्य सञ्चय गरिएको उक्त कार्यक्रममा श्रद्धेय गुरुमांहरूलाई श्रद्धापूर्वक दान प्रदान गरी पुण्य सञ्चय गरिएको थियो ।

**अभिधर्म पाठको कार्य तालिका**

| क्र. सं. | पाठ | पाठ गर्नुहुने श्रद्धेय प्रव्रगित गुरुमांहरू |
|---|---|---|
| १ | धम्मसङ्गणी | अनुपमा, शुभवती, अमता |
| २ | विभङ्ग | जवनवती, करुणावती |
| ३ | धातुकथा | कुसुम, सुनन्दावती, प्रीतिवती |
| ४ | पुग्गल पञ्ञति | इन्दावती, वीर्यवती |
| ५ | कथावत्थु | मेत्तावती, श्रद्धागौतमी |
| ६ | यमक | खेमावती, श्रद्धावती |
| ७ | पट्ठान | त्यागती, वीर्यवती |




*पुण्यानुमोदन गर्नुहुँदै दातापरिवार*



*पाठ श्रवण गर्नुहुँदै उपासिका विमला देवी*



*अभिधर्म पाठ श्रवण गर्नुहुँदै श्रद्धालु दाता परिवारहरू*

# धर्मकीर्ति विहारमा दिनभर अभिधर्म पाठ

*२०८१ फागुन १६ गते, शुक्रवार, औंशी*
*स्थान- धम्महल, धर्मकीर्ति विहार*

यसदिन उपासिका मायादेवी चित्रकार प्रमुख सपरिवारबाट उहाँहरूका दिवंगत मातापिताको सुगति एवंम् निर्वाण हेतुको कामना गरी आयोजित अभिधर्म पाठ कार्यक्रममा विपश्यना ध्यान गुरु श्रद्धेय पञ्ञा श्री भन्ते सहित ९ जना श्रद्धेय भिक्षुसंघ लगायत प्रव्रजित गुरुमां संघबाट दिनभर अभिधर्म पाठ गर्नुभएको थियो ।

यसदिन श्रद्धेय ध्यानगुरु पञ्ञाश्री भन्तेबाट निर्वाण हेतु प्राप्त गर्नका लागि हटाउनु पर्ने बाधा अड्चनहरू विषयमा धर्मदेशना पनि गर्नुभएको थियो ।

कार्यक्रममा आमन्त्रित श्रद्धेय भन्तेहरू लगायत श्रद्धेय प्रव्रजित गुरुमांहरूलाई जलपान र भोजन प्रायोजन गर्नुभई यथाश्रद्धा दान प्रदान गरी दाता परिवारबाट पुण्य सञ्चय गर्नुभएका थिए ।

कार्यक्रमको अन्त्यमा दाता परिवारका दिवंगत मातापिता लगायत सम्पूर्ण पितृजनहरूको पुण्य स्मृतिमा पुण्यानुमोदन गरी कार्यक्रम समापन गरियो ।

**अभिधर्म पाठ तालिका**

| क्र. सं. | पाठ | पाठ गर्नुहुने श्रद्धेय भन्तेहरू एवंम् प्रव्रजित गुरुमांहरू |
|---|---|---|
| १ | धम्मसङ्गणी | सयादो श्रद्धेय पञ्ञाश्री सहित ९ जना श्रद्धेय भन्तेहरू |
| २ | विभङ्ग | कुसुम, प्रीतिवती |
| ३ | धातुकथा | सुनन्दावती, करुणावती |
| ४ | पुग्गल पञ्ञत्ति | शुभवती, अमता |
| ५ | कथावत्थु | पञ्ञावती, मेत्तावती |
| ६ | यमक | खेमावती, इन्दावती |
| ७ | पट्ठान | जवनवती, त्यागवती, वीर्यवती र क्षान्तिवती |

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



बुदिं :
बि.सं. १९९१ माघ २५

मदुगु दिं :
बि.सं. २०८० माघ २९

## दिवंगत उपासक मोतिलाल शिल्पकार

धर्मकीर्ति पत्रिकाया विशेष सदस्य, उपासक मोतिलाल शिल्पकार दिवंगत जुयादीगु दच्छि पुलावन । वय्कलं थःगु जीवनय् यानाथकादीगु कुशल पुण्यकर्म शक्तिं परलोक जीवन सुगतिमय जुयाः निर्वाण हेतु नं चूलाय्मा धकाः पुण्यानुमोदन यानागु जुल । वय्कःया छयेँजःपिंमं नं संसारया त्रिलक्षण स्वभावयात थ्वीकाः बुद्ध शिक्षानुसार जीवन छ्य्लाः भाग्यमानी ज्वीमा धकाः कामना याना ।

भवतु सब्ब मंगलम् ।

**धर्मकीर्ति पत्रिका**
**धर्मकीर्ति विहार, श्रीघः नघः, काठमाडौं**

## धर्मकीर्ति विहारय् न्हिच्छियंकं अभिधर्म पाठ



*अभिधर्म पाठ यानादिस्य*
*दाता उपासिका सरस्वती तुलाधर*

*२०८१ फागुन ३ गते, शनिवार*

धर्मकीर्ति विहारय् प्रव्रजित गुरुमांपिनि पाखें न्हिच्छियंक अभिधर्म पाठ क्वचाःगु दु । उपासिका सरस्वती तुलाधरया निक्वःगु जंक्वया उपलक्ष्ये वयकःया जहान परिवारपिनि ग्वसालय न्ह्याःगु थुगु ज्याभ्वले श्रद्धेय धम्मवती गुरुमां पाखें पञ्चशील प्रार्थना याका बिज्याःगु खः । अथेह उपासक मदनरत्न मानन्धर पाखें अभिधर्म विषये धर्मदेशना जूगु खः । दाता परिवार पिनि पाखें गुरुमांपिन्त जलपान भोजन प्रायोजन यासे पाठ क्वचाय्काः दान प्रदान ज्याभ्वः व पुण्यानुमोदन लिपा जल व सूत्रका इनेगु ज्याभ्वः जूगु खः ।

**अभिधर्म पाठ कार्य तालिका**

| क्र. सं. | पाठ | पाठ यानाबिज्यापिं श्रद्धेय गुरुमांपिं |
|---|---|---|
| १ | धम्मसङ्गणी | वण्णवती, अमता |
| २ | विभङ्ग | केशावती, खेमावती |
| ३ | धातुकथा | पञ्ञाती, शुभवती |
| ४ | पुग्गल पञ्ञति | त्यागवती, वीर्यवती |
| ५ | कथावत्थु | मेत्तावती, श्रद्धागौतमी |
| ६ | यमक | खेमावती, इन्दावती |
| ७ | पट्ठान | जवनवती, वीर्यवती |




पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु
पुण्य (कुशल कर्म) गर्दै जानु ।
आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥
यही नै बुद्धको उपदेश हो ।

VISHWA MOTOR TRADERS

**बिश्व मोटर ट्रेडर्स**

अनूर सुन्दर तुलाधर
सलिल सुन्दर तुलाधर
काठमाडौं, नेपाल ।
मोवाइल: ९८५१०५११३१, ९८५१०५११४७
e-mail: vishwamotor@gmail.com

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरूको साथै ब्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।

# धर्मकीर्ति विहारमा मिति २०८१ पौष २० गते, शनिवारका दिन धर्मकीर्ति संरक्षणकोषको २१ औं वार्षिक साधारण सभामा प्रस्तुत गरिएका विभिन्न इकाईका प्रगति प्रतिवेदन

## (आ.व. २०८०/८१)

*प्रस्तुती- सचिव, प्रफुल्ल कमल ताम्राकार*

(१) **धर्मकीर्ति विहार संरक्षण कोष**

(क) २०८० श्रावण देखि २०८१ असार मसान्त सम्म कोषको कार्यकारिणी समितिको बैठक जम्मा १५ पटक सम्पन्न ।

- २०८१ पौष २० गते हाल वार्षिक सभा हुन गइरहेको । कार्यकारिणी समिति बैठक सम्पन्न भएका मितिहरू :–

• २०८० श्रावण १४ गते, आइतबार

भाद्र ६ बुधबार, आश्विन ४ बिहिबार, आश्विन २८ गते आइतबार, कार्तिक २ गते विहिवार, मंसिर ११ गते सोमबार, पौष २ गते सोमबार, पौष ९ गते सोमबार, २० औं वार्षिक साधारण सभा, माघ १९ गते शुक्रबार, फागुन १८ गते शुक्रबार, फागुन ३० बुधवार,

• २०८१ साल

वैशाख २५ गते मंगलबार, जेठ २२ गते मंगलवार, असार ११ मंगलबार, असार २५ गते मंगलवार

(ख) २०८० श्रावण १२ गते शुक्रबारका दिन धर्मकीर्ति विहार धम्महलमा भिक्षुणी धम्मवती गुरुमां ९० वर्ष पुग्नुभएको उपलक्ष्यमा बुद्ध शासनमा उहाँको योगदानलाई कदर गरी धम्मवती धम्म प्रशिक्षण कार्यक्रम खडा गरियो । यस प्रशिक्षण कार्यक्रमको लक्ष्य अनुसार प्रव्रजित गुरुमांलाई बुद्ध शिक्षा प्रचार प्रसार क्षेत्रमा अगुवा भूमिका निभाउन आवश्यक प्रशिक्षण दिनु हो । २०८० साल वैशाख १ गते शुक्रबार राष्ट्रिय सभा गृह काठमाडौमा श्रद्धेय धम्मवती गुरुमां विशेष सामूहिक धम्मपूजा कार्यक्रममा धम्मवती धम्म प्रशिक्षण परियोजना स्थापना गर्ने घोषणा गरिएको थियो । उक्त प्रशिक्षण सञ्चालनार्थ ५ सदस्यिय कार्यान्वयन समिति यसरी गठन गरियो ।

१) संयोजक - मदनरत्न मानन्धर
२) सह-संयोजक - डा. रीना तुलाधर
३) सदस्यहरू - पञ्ञावती गुरुमां, शुभवती गुरुमां र सुवण्णवती गुरुमां ।

ग) २०८० श्रावण ३० गते, आनन्द कुटी विहार । ध्यानागार स्वयम्भूमा ध्यानगुरु अस्सजि भन्तेबाट सञ्चालित एकदिने ध्यानशिविरमा धर्मकीर्ति विहारबाट श्रद्धेय प्रव्रजित गुरुमांहरू– पञ्ञावती, जवनवती, दानवती, त्यागवती, मेत्तावती, वीर्यवती र शुभवती गरी जमा ७ जना गुरुमांहरू सहभागी हुनुभएका थिए ।

(घ) २०८० भाद्र २७ गते । धर्मकीर्ति विहार धम्महलमा रक्तदान कार्यक्रम सम्पन्न । विभिन्न अस्पतालहरूमा उपचारको क्रममा रहनुभएका विरामीहरूका लागि आवश्यक पर्ने रगत व्यवस्थापनमा सहज पुऱ्याउने उद्देश्यले धर्मकीर्ति विहारको आयोजनामा श्रीमती बसुन्धरा तुलाधर सपरिवारको सहयोगमा दिवंगत दाता द्रव्यमान सिंह तुलाधरको पुण्य स्मृतिमा यस कार्यक्रम सञ्चालन गरिएको थियो ।

(ङ) २०८० कार्तिक ९ गते, शनिबार । धर्मकीर्ति विहारको धम्महलमा वरिष्ठ विपश्यनाचार्य श्रद्धेय रत्नमञ्जरी गुरुमांको १७ औं पुण्यतिथिको दिन उहाँको सुगती एवं निर्वाण कामना गरी श्रद्धेय प्रव्रजित गुरुमांहरूबाट दिनभर महापरित्राण पाठ गरियो । कार्यक्रममा उपस्थित हुनुभएका सबै गुरुमांहरूलाई रत्नमञ्जरी गुरुमां स्मृति कोषको तर्फबाट दान प्रदान गरियो । यसदिन श्रद्धेय धम्मवती गुरुमां र वीर्यवती गुरुमांको तर्फबाट धर्मदेशना भएका थियो । कार्यक्रममा सहभागी सबैलाई पुलांपुचः धर्मकीर्तिबाट जलपान भोजन प्रायोजन गरी पुण्य सञ्चय गरिएको थियो ।

**विषय अन्तर्गत "महासन्धक बोधि कथाको प्रारम्भिक गाथा" विषयमा कक्षा सञ्चालन गर्नुभयो ।**

८) २०८० मंसिर २६ गते, मंगलबार । धर्मकीर्ति विहारको धम्महलमा धर्मकीर्ति विहार संरक्षण कोषको आयोजनामा धर्मकीर्ति विहार बिस्तारित भवन निर्माणको लागि आर्थिक सहयोगको रूपमा रु. ५०,०००/- वा सो भन्दा बढी रकम सहयोग गर्नु हुने दाताहरू उपासकोपासिकाहरूलाई श्रद्धेय धम्मवती गुरुमांबाट

साधुबादपत्र प्रदान गरी धम्मवती गुरुमांको प्रतिमा मूर्ति पनि उपहार स्वरूप प्रलदान गरेको थियो । सो कार्यक्रममा स्वागत मन्तब्य का. सदस्य अगम्यरत्न कंसाकारले दिनुभयो भने धन्यबाद ज्ञानप का. सदस्य मदनरत्न मानन्धरबाट दिनु भएको थियो । कार्यक्रम सञ्चालन कोषका सचिव प्रफुल्ल कमल ताम्राकारले गर्नु भएको थियो । श्रद्धेय धम्मवती गुरुमांबाट ओबाद उपदेश पश्चात् पुण्यानुमोदन गर्नुभई कार्यक्रम समापन गरिएको थियो ।

९) २०८० पौष ९ गते, सोमबार । धर्मकीर्ति विहार संरक्षण कोषको संस्थापक अध्यक्ष श्रद्धेय भिक्षुणी धम्मवती गुरुमांको अध्यक्षतामा बिसौं (२०) वार्षिक साधारण सभा धर्मकीर्ति विहारको धम्महलमा सुसम्पन्न भयो ।

१०) २०८० पौष १० गते, मंगलबार । धर्मकीर्ति विहारको धम्महलमा धर्मकीर्ति विहार संरक्षण कोषको आयोजनामा श्रद्धाञ्जली सभा सम्पन्न गरियो । धर्मकीर्ति विहार संरक्षण कोषका कार्यकारिणी सदस्य, श्रद्धेय धम्मवती गुरुमांको कान्छा भाई मोतिकाजी शाक्य मिति २०८० आश्विन २२ गते, सोमबारका दिन दिवंगत हुनुभयो । धर्मकीर्ति विहार संरक्षण कोषको लागि उहाँले पुऱ्याउनु भएको अमूल्य योगदानलाई स्मरण गरी उहाँको पुण्यस्मृतिमा उहाँलाई सुगति एवं निर्वाण हेतु होस् भन्ने कामनागरी श्रद्धाञ्जली सभाको आयोजना गरियो ।

११) २०८० फागुन २० गते, आइतवार । धर्मकीर्ति विहारको धम्महलमा धर्मकीर्ति विहार संरक्षण कोषको आयोजनामा काठमाडौं महानगरपालिका उपमेयर सुनिता डंगोलको प्रमुख आतिथ्यमा र श्रद्धेय धम्मवती गुरुमांको सभापतित्वमा श्रद्धेय धम्मवती गुरुमांको जीवनी (थाई भाषामा रूपान्तरित) पुस्तक सामुहिक रूपमा विमोचन गर्ने काम सुसम्पन्न भयो । स्मरणीय छ धम्मवती गुरुमांको जीवनी सर्वप्रथम म्यानमारका श्रद्धेय भिक्षु "र वे थ्वं" बाट बर्मी भाषाको "तमी छेत" नाम दिई, नेपाल भाषाको "योम्ह म्ह्याय्", नेपाली भाषाको "स्नेही छोरी" र अंग्रेजी भाषाको "Beloved Daughter" र थाइ भाषाबाट (Butri Phoo Pen Dang Duang Hathai; Chivapawat Lunang Mae) चिभापावत लुआङ्ग माई धम्मवती गुरुमां नामको पुस्तक थाइ भाषाबाट अनुवाद गर्नु हुने सह-प्राध्यापक श्रद्धेय भिक्षु फ्रा महा पोचन सुभाचो (Phramaha Phocana Suvaco) बाट थाई भाषामा रूपान्तर गर्न लगाई प्रकाशन गरिएको थियो । सो पुस्तक श्रद्धेय धम्मवती गुरुमां, अनुवादक श्रद्धेय थाई भन्ते, प्रमुख अतिथि उपमेयर सुनिता डंगोल लगायत अन्य आर्थिक सहयोग गर्नुहुने दुई थाई व्यक्तिहरू समेत गरी जम्मा ५ जना व्यक्तिहरूले सामूहिक रूपमा विमोचन गर्नुभएका थिए ।

उक्त कार्यक्रम कोषका सह-सचिव अरूणसिद्धि तुलाधरले सञ्चालन गर्नुभएको थियो भने स्वागत मन्तब्य सचिव प्रफुल्ल कमल ताम्राकारले दिनुभएको थियो र धन्यवाद ज्ञापन का. सदस्य मदनरत्न मानन्धरले दिनुभएको थियो ।

१२) २०८० चैत्र १२ गते, फागु पूर्णिमाका दिन धर्मकीर्ति विहारको धम्महलम धर्मकीर्ति विकास संरक्षण कोषको आयोजनामा सम्मानपत्र प्रदान कार्यक्रम सम्पन्न भयो । अन्तराष्ट्रिय महिला ध्यान केन्द्र फाउण्डेसनको तर्फबाट अन्तराष्ट्रिय नारी दिवस सन् २०२४ को उपलक्ष्यमा बुद्ध शासनको लागि उत्कृष्ट कार्य गर्न सफल हुनु भएका विश्वका ३१ जना महिलाहरूलाई यसपालि ताइवानमा मिति २०८० फागुन २४ गते सम्मान गरियो । नेपालबाट पूज्यपाद भिक्षुणी धम्मवती गुरुमां र खमेशी गुरुमांलाई उक्त पदले सम्मानित गरिएका थिए । तर धम्मवती गुरुमांको स्वास्थ्यको कारणले यस कार्यक्रममा ताइवान पुग्न सक्नु भएन । त्यसैले थाइलैण्डका भिक्षुणी रत्नावलि र अमेरिकाका भिक्षुणी डा. सुभाषित लगायत अन्य महिला कार्यकर्ताहरूले श्रद्धेय धम्मवती गुरुमांलाई सम्मानपत्र प्रदान गर्नु भएको थियो ।

यस कार्यक्रमको लगतै मोतिदवी समृति केन्द्रको तर्फबाट यस केन्द्रका अध्यक्ष अष्टलक्ष्मी शाक्यले १४४ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको उपलक्ष्यमा श्रद्धेय भिक्षुणी धम्मवती गुरुमांलाई "मोति लक्ष्मी स्मृति" सम्मानपत्र प्रदान गरी सम्मान गर्नु भएको थियो ।

त्यसपछि वि.सं. २०८० बैशाख १ गते राष्ट्रिय सभा गृहमा सञ्चालित "धम्मवती गुरुमां विशेष सामूहिक धम्मपूजा कार्यक्रमको सचित्र प्रतिवेदन पुस्तक (धर्मकीर्ति विकास संरक्षण कोषका सदस्य एवं यस पुस्तकका संकलन/सम्पादन गर्नु भएका मदनरत्न मानन्धर) यसै कार्यक्रमका श्रद्धेय भिक्षुणी धम्मवती गुरुमांबाट विमोचन गर्नुभएको थियो ।

धर्मकीर्ति विकास संरक्षण कोषको आयोजनामा सञ्चालित यस कार्यक्रममा भिक्षु तपस्सी धम्म भन्तेबाट पञ्चशील प्रार्थना गराउनु भएको थियो भने कोषका सचिव प्रफुल्ल कमल ताम्राकारले सञ्चालन गर्नु भएको यस कार्यक्रममा कोषका सह-सचिव डा. रीना तुलाधरले धन्यवाद ज्ञापन गर्नुभएको थियो। श्रद्धेय धम्मवती गुरुमांले ओवाद उपदेश दिनुभई आफैंले पुण्यानुमोदन गराउनु भई कार्यक्रम समापन गर्नुभयो।

१३) २०८० चैत्र २० गते, मंगलबार । धर्मकीर्ति विहारको धम्महलमा श्रद्धेय भिक्षु अश्वघोष र श्रद्धेय दो गुणवती मां गुण गुरुमां दिवंगत हुनुभएको पाँच वर्षको पुण्य स्मृतिमा वहाँहरूको सुगति र निर्वाण हेतुको कामना गरी भिक्षु संघ र प्रव्रजित गुरुमांहरूबाट सामूहिक परित्राण पाठ सुसम्पन्न गरियो।

१४) २०८० चैत्र २८ गते म्यानमारस्थित मोलमिन शहरमा रहेको खेमाराम विहारका दश जना प्रव्रजित गुरुमांहरू र एक जना भिक्षु लगायत अन्य उपासक उपासिकाहरू नेपाल पुग्नु भएका थिए। उहाँ बर्मी पाहुनाहरू मध्ये १० जना प्रव्रजित गुरुमांहरूलाई धर्मकीर्ति विहारमा रहने व्यवस्था मिलाइएको थियो भने एकजना भन्ते लगायत अन्य उपासक उपासिकाहरूलाई सुलक्षण कीर्ति विहारमार रहने व्यवस्था मिलाइएको थियो। स्मरणिय छ मोलमिनस्थित खेमाराम विहारमा श्रद्धेय धम्मवती गुरुमां बुद्ध शिक्षा अध्ययन गर्न बस्नु भएको विहार हो। २०८० बैशाख १ गते पाहुना गुरुमांहरूलाई धम्मवती गुरुमांले दान प्रदानगरी स्वागत गर्नुभएको थियो। त्यस्तै धर्मकीर्ति विहार संरक्षण कोषका पदाधिकारीहरू लुम्बिनी चित्र अंकित चाँदीको फ्रेम उपहार प्रदान गरी स्वागत गरिएको थियो।

१५) २०८१ बैशाख ८ गते, शनिबार धर्मकीर्ति विकास संरक्षण कोषको आयोजनामा दीपंखा यात्रा स्थान नारायणहिटी स्थित चतुर्ब्यूह नारायण मन्दिर परिसरमा शाक्यमुनि बुद्धको भूमिस्पर्श मुद्राको प्रस्तर प्रतिमा अगाडि धर्मकीर्ति विहारका प्रमुख श्रद्धेय धम्मवती गुरुमांको नेतृत्वमा बुद्ध पूजा एवं धर्म देशना कार्यक्रम सुसम्पन्न भयो। कार्यक्रमको शुरुमा श्रद्धेय भिक्षु कोण्डञ्ञ महास्थविरले पञ्चशील प्रार्थना गराउनु भयो भने अन्त्यमा श्रद्धेय धम्मवती गुरुमांबाट ओबाद दिनु भयो। नारायण मन्दिरको पुरोहित नारायण गुरुजीबाट धर्म र धार्मिक सहिष्णुता विषयमा मन्तव्य ब्यक्त गर्नु भएको थियो।

कोषकी सचिव प्रफुल्ल कमल ताम्राकारले सञ्चालन गर्नु भएको सो कार्यक्रममा धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन समूहबाट ज्ञानमाला भजन प्रस्तुत गरिएको थियो।

१६) २०८१ बैशाख १५ गते, शनिबार। पारिजात सभाकक्ष राष्ट्रिय प्रज्ञा प्रतिष्ठान कमलादी काठमाडौंमा श्रद्धेय धम्मवती गुरुमांको ९१ औं शुभजन्मोत्सव तथा ७६ औं प्रव्रजित दिवसको उपलक्ष्यमा सम्यक सन्देशबाट आयोजित एक कार्यक्रममा सासनधज धम्माचरिय अग्ग महागन्थ वाचक पण्डित, भाषाथुवा धम्मावती गुरुमांलाई धम्मवती वीरता महोत्सवको रूपमा सूचक प्रकाशनका अध्यक्ष दीपक भेटवाल, सल्लाहकार श्यामलाल चित्रकार नेपाल राजकिय प्रज्ञाप्रतिष्ठानका कुलपति भूपाल राईबाट अभिनन्दन गरियो। यसै कार्यक्रममा धर्मकीर्ति विहार संरक्षण कोषका केही पदाधिकारीहरू र धर्मकीर्ति विहार इकाईका केही पदाधिकारहिरूलाई पनि सम्मान गरी सम्मानपत्र प्रदान गर्नु भएका थिए।

## धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

| क्र. सं. | बि.सं. २०८१ साल | बुद्धपूजा गर्नुहुने श्रद्धेय गुरूमांहरू | धर्मदेशना गर्नुहुने श्रद्धेय गुरूमांहरू |
|---|---|---|---|
| १ | माघ २३ गते, बुधबार, अष्टमी | वीर्यवती | वीर्यवती |
| २ | माघ ३० गते, बुधबार, सिपुन्हि | वीर्यवती | वीर्यवती |
| ३ | फागुन १ गते, बिहिबार, संक्रान्ति | पञ्ञावती | पञ्ञावती |
| ४ | फागुन ९ गते, शुक्रवार, अष्टमी | अमता | त्यागवती |
| ५ | फागुन १६ गते, शुक्रवार, औंशी | अमता | अमता |

## संघदान

*२०८१ फागुन ७ गते, बुधबार ।*
*स्थान- Crown Emperial Hotel*
*रबिभवन, काठमाडौं ।*

यसदिन उपासक उपासिकाद्वय अजयक्रान्ति, अन्जान शाक्य लगायत सपरिवारको तर्फबाट संघदान कार्यक्रम आयोजना गरी प्रव्रजित गुरुमां संघलाई संघदान गरी पुण्य सञ्चय गरिएको छ ।

कार्यक्रममा श्रद्धेय धम्मवती गुरुमांले पञ्चशील प्रार्थना गराउनुभई पञ्चशीललाई प्रार्थनामा मात्र सीमित नराखी यसमा उल्लेखित ५ वटा प्राकृतिक नियमहरूलाई पालना पनि गर्न सकेमा मात्र यसबाट फल प्राप्त हुने विषयमा धर्मदेशना गर्नुभयो ।

यसरी नै श्रद्धेय वीर्यवती गुरुमांले यस कार्यक्रममा "कर्म, कर्मफल र पुनर्जन्म विषयमा धर्मदेशना गर्नुभयो ।

श्रद्धेय शुभवती गुरमांले सञ्चालन गर्नुभएको यस कार्यक्रममा विपश्यना ध्यान साधिका डा. स्मृति शाक्यले विपश्यना ध्यानले शारीरिक र मानसिक समस्याहरू समाधानमा खेल्ने गरेको सकारात्मक भूमिका विषयमा आफ्नो अनुभव व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा दाता परिवारले आमन्त्रित प्रव्रजित गुरुमांहरू लगायत अन्य अतिथि वर्गलाई भोजन र जलपानको प्रायोजन गरी पुण्य सञ्चय गर्नुभएका थिए ।








*क्रमश: पञ्चशील विषयमा धर्मदेशना दिनुहुँदै श्रद्धेय धम्मवती गुरुमां, बुद्ध पूजा र परित्राण पाठ गर्नुहुँदै श्रद्धेय जवनवती गुरुमां, कर्मफल र पुनर्जन्म विषयमा धर्मदेशना गर्नुहुँदै श्रद्धेय वीर्यवती गुरुमां, कार्यक्रम सञ्चालन गर्नुहुँदै श्रद्धेय शुभवती गुरुमां, पुण्यानुमोदन गराउनु हुँदै श्रद्धेय विमलजाणी गुरुमां र विपश्यना ध्यानको अनुभव बताउनुहुँदै ध्यान साधिका डा. स्मृति शाक्य*



*संघदान कार्यक्रममा धर्मदेशना श्रवण गरिरहनुभएका श्रद्धालु श्रोतावर्ग*

संघदान कार्यक्रममा धर्मदेशना श्रवण गरिरहनुभएका श्रद्धालु श्रोतावर्ग











संघदान कार्यक्रममा सहभागी हुनुभएका श्रद्धेय प्रव्रजित गुरुमांहरू

# चौथौं लुम्बिनी अन्तर्राष्ट्रिय त्रिपिटक पाठ २०८१ सम्पन्न



*लुम्बिनीमा सञ्चालित चौथौं अन्तर्राष्ट्रिय त्रिपिटक पाठ कार्यक्रममा त्रिपिटक पाठ गरिरहनुभएका श्रद्धेय भिक्षु सङ्घ*

*२०८१ फागनु २१-२४ गते*
*स्थान- लुम्बिनी उद्यान, लुम्बिनी*

अखिल नेपाल भिक्षु महासंघको आयोजनामा लुम्बिनीमा चौथौं अन्तर्राष्ट्रिय त्रिपिटक वाचन कार्यक्रम सम्पन्न भएको समाचार छ। प्राप्त समाचार अनुसार फागनु २१ गते त्रिपिटक वाचन कार्यक्रम उद्घाटन गरी २२ र २३ गते दुईदिन त्रिपिटक वाचन गरी फागुन २४ गते शनिबार उक्त कार्यक्रम समापन गरियो। चारदिनसम्म सञ्चालित यस कार्यक्रममा सुत्रपिटक, विनयपिटक र अभिधर्म पिटक विषयमा धर्मदेशना भएको थियो।

यस कार्यक्रममा भिक्षु, भिक्षुणी, उपासक र उपासिका गरी चतुपरिषद्को समागम भई उक्त वृहत समूह सहभागी भई सफलतापूर्वक कार्यक्रम सम्पन्न गरिएको थियो।



*त्रिपिटक पाठ गरिरहनुभएका श्रद्धेय प्रव्रजित गुरुमां सङ्घ*

## लुम्बिनीमा ५०० जना कुलपुत्रहरूलाई श्रामणेर प्रव्रज्या

*२०८१ फागुन १४ देखि चैत्र ३ गते*
*स्थान- लुम्बिनी*

अखिल नेपाल भिक्षु महासंघ र थाई भिक्षु महासंघको संयुक्त आयोजनामा एवं लुम्बिनी क्षेत्र विकास कोष र लुम्बिनी स्थित विविध संघ संस्थाहरूको सह-आयोजनामा ५०० जना कुलपुत्रहरूलाई प्रव्रज्या गरिएको समाचार छ । यस अल्पकालिन श्रामणेर प्रव्रज्या कार्यक्रममा सहभागी हुनुभएका कुलपुत्रहरूले फागुन २० गते देखि चैत्र ३ गते सम्म चीवर पहिरी दश शील पालन गर्नुभएको कुरा बुझिएको छ ।

फागुन १४ गते शुरु गरिएको यस कार्यक्रममा सहभागी हुने व्यक्तिहरूले केश क्षवर गर्नुभएका थिए । फागुन २० गते मंगलबारका दिन उहाँहरूलाई पवित्र चीवर अर्पण गरी यस कार्यक्रम औपचारिक रूपमा अगाडि बढाइएको थियो ।

फागुन २२ गते लुम्बिनीस्थित धम्महलमा भिक्षाटन कार्यक्रम पश्चात् फागुन २४ गते लुम्बिनी स्थित पवित्र उद्यानमा दीप प्रज्वलन गरिएको थियो भने चैत्र २ गते देवदह, बुटवल, रामग्राम आदि पवित्र स्थलको धम्म यात्रा पश्चात् चैत्र ३ गते श्रामणेर हुनुभएका सहभागीहरूलाई प्रमाणपत्र प्रदान गरी कार्यक्रम समापन गरियो ।

## आयु संस्कार परित्याग दिवस

*२०८१ माघ ३० गते, सिपुन्हि बुधबार*

यसदिन श्रीखण्ड तरुमूल विहारको आयोजनामा एवं इन्जिनियर दिल्लिरत्न शाक्यको संयोजकत्वमा शाक्यमुनि बुद्धद्वारा सिपुन्हिको दिन आयु संस्कार परित्याग गर्नुभएको विशेष दिनको महत्वलाई प्रकाश पारी यसदिन आयुसंस्कार परित्याग दिवस मनाइएको छ ।

बसन्तपुर काठमाडौंमा हजारौं उपासक उपासिकाहरू भेला भई काठमाडौं शहरका विभिन्न स्थानहरूमा विभिन्न बाजागाजाका साथ एक वृहत ऱ्यालीले नगर परिक्रमा गरियो । उक्त ऱ्यालीको समूह पुनः बसन्तपुर फर्की एक वृहत भेलामा परिणत भई भगवान् बुद्धले आफू परिनिर्वाण हुनु ३ महिना अगाडि नै आयु संस्कार परित्याग गर्नुभएको विषयको महत्वलाई प्रस्तुत गरी आयु संस्कार दिवस मनाइयो । काठमाडौं महानगरपालिकाका उपमेयर सुनीता डंगोल लगायत अन्य विशिष्ट महानुभावहरू पनि उक्त भेलामा सहभागी हुनुभएका थिए ।

## राहुलमाता– यशोधरा ... ...

एक जना बुद्धका चार जनामात्र श्रावक महाअभिज्ञ हुने गर्दछ । बाँकी अरूमा यस्तो सामर्थ्य हुँदैन । भगवान् गौतम बुद्धको महाअभिज्ञ प्राप्त गर्ने श्रावकहरूमध्ये दुई जना अग्रश्रावक– आयुष्मान् सारिपुत्त र आयुष्मान् महामोग्गल्लान हुन् र आयुष्मान् बकुल र स्थविरी भद्दकच्चाना हुन् । यी श्रावकहरू असङ्ख्य कल्पको स्मरण गर्न सक्छन् भने अन्य श्रावकहरू एक लाख कल्पसम्मको स्मरण गर्न सक्छन् । भद्दकच्चानाले आफूले दीपङ्कर बुद्धसमक्ष सङ्कल्प गरेको घटना स्मरण गर्यो । उनीसँग यस गुण विध्यमान भएको कारण भगवान्ले जेतवनाराममा भिक्षुहरूको माझ भन्नुभयो–

"एतदग्गं, भिक्खवे, मम साविकानं भिक्खुनीनं महाभिञ्ञप्पत्तानं यदिदं भद्दकच्चाना ।"

"भिक्षुहरू ! मेरी भिक्षुणी-श्राविकाहरूमध्ये महा-अभिज्ञा प्राप्त गर्नेहरूमध्ये अग्र भद्दकच्चाना हुन् ।"

भगवान् बुद्धको महापरिनिर्वाणको दुई वर्षपूर्व भद्दकच्चाना थेरीले परिनिर्वाण प्राप्त गरिन् । त्यस समय उनको उमेर अठत्तर वर्षको थियो । आयुसंस्कार पूरा भएको थाहा पाएपछि स्थविरीले भगवान्सँग निर्वाण प्राप्तिको अनुमति लिइन् र भगवान्को निर्देशनअनुसार अनेक ऋद्धिहरू प्रदर्शन गरिन् । भद्दकच्चानासँगै अन्य अठार हजार अरहन्त श्राविकाहरूले परिनिर्वाण प्राप्त गरेका थिए ।

*साभार- 'विपश्यना' बुद्ध वर्ष २५६२,*
*बि.सं. २०७५ जेठ, वर्ष ३५, अङ्क २*

Sitagu International Buddhist Academy, Yangon
Website:www.thesitagu.org,
Email: thesitagu@gmail.com
Ph: 09420062227/09457771313/09254088833
Established ME-1340

Sukha Saddhammadesana

Sitagu International Missionary Association,
Sitagu Cakkhudana Eye Hospital
#10, Pinlon Road, Corner of U Wisara Road,
North Dagon, Yangon, Myanmar
Ph: 09261520556 / 09254952301
Established CE-1379

## Honorable Speech by Sitagu Sayadaw

Today is one of the greatest day for the world of Buddhist Nun, because Daw Dhammawati who is over 90 years young is received the Honorary Doctorate Degree of Literature (D.Litt.) at the Birth Place of the Buddha, the Lumbini Garden.

A few years ago, Dhammawati was already honoured by the Government of Myanmar with a title of "Sasanadhaja Dhammacariya"(Master of Dhamma and Emblem of the Buddha Sasana) because of her dedication in sharing and spreading the Dhamma.

Consequently, she is not only highly knowledged with Tipitaka but also foremost expert in Dhamma preaching. Her wider knowledge of Tipitaka and extraordinary effort in practicing and teaching of the Dhamma have make her one of the most notable figures in the world.

Greatly, today, a beloved daughter of the Siddhattha Gotama, is now honoured with Honorary Doctorate Degree of

1

May the sublime Dhamma in its pristine purity prevail in every corner of the world.

Literature (D.Litt.) at the Birthplace of the Lord Buddha, the Lumbini Garden.

Therefore, I would like to deeply express my heartly appreciation and congratulations to hers remarkable achievement today.

May Buddha Dhamma be long last in this world, as long as the sun and moon is last.

Sitagu Sayadaw Dr. Ashin Nyanissara
The Admonition Master of State,
Sangha Raja of Shwekyin Nikaya Buddhist Order,
Abhidhajamaharatthaguru, Abhidhajaaggamahasaddhammajotika,
Ph.D., D.Litt.,
Founder of Sitagu International Buddhist Missionary Association,
Chancellor of Sitagu International Buddhist Academies,
Patron of Sitagu Ayudana and Sekkhu Dhana Hospitals,
Chairman of the Board of Director of Theravada Dhamma Society of America

2

May the sublime Dhamma in its pristine purity prevail in every corner of the world.

**२०८१ मंसिर १४ गते लुम्बिनी विश्वविद्यालयबाट श्रद्धेय धम्मवती गुरुमांलाई मानार्थ विद्यावारिधि उपाधिले विभूषित गरिएको कार्यक्रममा म्यानमारका श्रद्धेय *Sitagu Sayadaw* बाट व्यक्त गर्नुभएको मन्तव्य**

# फागुन १० गते, धर्मकीर्ति विहारमा दिनभर अभिधर्म पाठका केही झलकहरू



पञ्चशील प्रार्थना गराउनुहुँदै
श्रद्धेय धम्मवती गुरुमां




धम्मसङ्गणि पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू अनुपमा, शुभवती र अमता



विभङ्ग पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू
जवनवती र करुणावती



धातुकथा पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू
कुसुम, सुनन्दावती र प्रीतिवती



पुग्गल पञ्ञति पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू
इन्दावती र वीर्यवती



कथावत्थु पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू
मेत्तावती र श्रद्धागौतमी



यमक पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू
खेमावती र श्रद्धावती



पट्ठान पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू
त्यागवती र वीर्यवती

# फागुन ३ गते, धर्मकीर्ति विहारय् शनिबार न्हिच्छियंकं अभिधर्म पाठया किपा:



धम्मसङ्गणि पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं
अमता व वण्णवती



विभङ्ग पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं
केशावती व खेमावती



धातुकथा पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं
पञ्ञावती व शुभवती



पुग्गल पञ्ञत्ति पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं
त्यागवती व वीर्यवती



कथावत्थु पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं
मेत्तावती व श्रद्धागौतमी



यमक पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं
खेमावती व इन्दावती


पट्ठान पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं
जवनवती व वीर्यवती


पाठ श्रवण यानाच्वनादीपिं श्रद्धालु उपासक उपासिकापिं

मुद्रक: न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोन: ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com